मधेशदृष्टिमा
विज्ञापनका लागि
सम्पर्क नं.:
9808835198
9807170995
9803474311
9854028218

नजर हमर

राष्ट्रिय दैनिक

# मधेशदृष्टि

www.emadheshdristi.com

Madheshdristi National Daily

खुशहाल किसान, समृद्ध नेपाल
यहि हो "त्रिशक्ति"को कमाल
त्रिशक्ति ट्रेक्टर

वर्ष १ | अंक १६७ | २०८० साल वैशाख १६ गते शनिबार | Saturday 29, Apr. 2023 | पृष्ठ ८ | मूल्य रु. ५/-

## राजनीतिबाट सन्यास लिनेछु: नेपाल



**मधेशदृष्टि**
**जनकपुरधाम, १५ वैशाख।**
नेकपा एकीकृत समाजवादीका अध्यक्ष माधवकुमार नेपालले राजनीतिबाट सन्यास लिने मनसाय व्यक्त गरेका छन्।

शुक्रबार जनकपुरधाममा आयोजित पत्रकार सम्मेलनमा पूर्वप्रधानमन्त्रीसमेत रहेका अध्यक्ष नेपालले भने, 'अब उमेर ढल्किसक्यो, बुढेसकाल आइसकेको छ, आराम गर्ने बेला आएकाले युवालाई अवसर दिएर राजनीतिबाट सन्यास लिने तयारीमा छु।' 'पार्टीको आगामी अधिवेशनबाट सन्यास लिने सोच्दैछु,' नेपालले भने, 'पार्टीमा अब युवालाई अवसर दिनुपर्छ, यो पूरा भएन, त्यो पाएन कति सुन्ने ७० वर्ष कटिसकेकाले आफूसहित आफ्नो दलका ७० कटेका नेतालाई सन्यास लिएर आराम गर्नुपर्छ।'
अध्यक्ष नेपालले राजनीतिमा पनि पुस्तान्तरण गरिए मात्रै देशका लागि भलो हुने जिकिर गरे। पूर्वप्रधानमन्त्री नेपालले उपनिर्वाचनले ठूला र पुराना राजनीतिक दललाई सच्चिन सन्देश दिएको बताए। तर ती दलले पनि विकास निर्माण र आर्थिक उन्नतितर्फ काम गर्नुपर्ने बताए।
अध्यक्ष नेपालले भने, 'अहिलेको उपनिर्वाचनको मतपरिणामले मुख्य राजनीतिक दलहरुलाई चुनौती दिएकाले अहिले पनि नसच्चिए, आफूभित्र रहेको कमीकमजोरी सुधार नगरे आउने दिन पनि सजिलो हुने छैन।' सञ्चारकर्मीहरुको जिज्ञासामा उनले एमालेलाई लक्षित गर्दै भने, 'कसैकसैले अहिले पनि सोचिरहेका छन् गठबन्धन भत्किएला, मध्यावधि चुनाव गराउला, संविधान मिचौंला र राजतन्त्र फर्काउँला तर ती सपना पूरा हुने छैनन्।'
उनले मधेश प्रदेशमा गठबन्धन आबद्ध दल सबैले अवसर पाउनुपर्ने बताए। 'सरकार नेतृत्वको कुरा हो, कसैको बहुमत नभएकाले आलोपालो गर्नुपर्दछ, किनकी जनताले पनि त्यही म्यानडेट दिएका छन्,' नेपालले भने, 'तर अन्तिम निर्णय गठबन्धनको बैठकबाट गरिनेछ।'
जनयुद्धका लागि लडाकुलाई रकम दिनेबारे प्रधानमन्त्रीले सत्ता गठबन्धनमा आवद्ध दललाई प्रष्ट पार्नुपर्ने नेपालको भनाइ छ। 'लडाकु वा अरु कोही पीडितलाई रकम दिँदै जाने तरिका पनि ठीक होइन,' उनले भने, 'पैसा बाँड्दै हिँड्ने अभ्यासले मुलुकमा राम्रो परिपाटी बस्दैन, 'यसरी पैसा बाँड्दै हिँड्ने हो भने एकातिर अहिले राज्यको आर्थिक अवस्था राम्रो छैन।
राम्रो भए पनि परिपाटी राम्रो बस्दैन।' प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डसँग व्यक्तिगतरुपमा यस सम्बन्धमा बुझ्दा लडाकुलाई रकम दिने पुरानै निर्णय भएको बताइएको उनले जानकारी दिए। 'मैले नयाँ निर्णय गरेको होइन, पुरानै निर्णय हो, नयाँ रकम होइन,' प्रधानमन्त्रीको भनाइ उद्दृत गर्दै नेपालले भने, 'पहिले दिन बाँकी रकम दिइएको हो।
'समाजवादी पार्टी एकीकृत भई विलय हुन लागेको प्रसंगमा उनले भने, 'कम्युनिष्टहरुको समाजवादी मोर्चा बनाउने तयारीमा जुटेकाले विचार र सिद्धान्त मिल्नेसँग पार्टी एकता हुन सक्ने तर कुनै पार्टीमा नेकपा समाजवादी विलय हुने छैन।' पार्टी सुदृढिकरणमा लागेका र थप मजबुत हुनेक्रममा रहेको नेपालले बताए।

### राउत–यादवको सवालजवाफ

## 'यसपटकजस्तो चुनाव कहिल्यै भएको थिएन'



**मधेशदृष्टि**
**वीरगंज, १५ वैशाख।**
बारा-२ को उपनिर्वाचन परिणामलाई लिएर प्रतिनिधि सभामा पनि नेताहरुबीच कटाक्ष भएको छ। जनमत पार्टीका अध्यक्ष एवम् सांसद डा. सिके राउतले बारा-२ को उपनिर्वाचनमा सत्ता गठबन्धनलाई शक्तिको आडमा चुनाव जिताएको आक्षेप लगाएपछि जनता समाजवादी पार्टीका सांसद प्रदीप यादवले जवाफी फायर खोलेका हुन्।
पर्सा क्षेत्र नम्बर १, प्रतिनिधि सभा सदस्य (सांसद) रहेका यादवले बारा-२ मा यसपटक इतिहासकै सबैभन्दा स्वच्छ र निष्पक्ष चुनाव भएको दाबी गरे।
प्रतिनिधि सभाको बैठकमा बोल्दै सांसद यादवले बारामा यसपालि जस्तो निष्पक्ष र स्वच्छ चुनाव यसअघि कहिल्यै नभएको बताए।
'चुनाव हारेका केही दलका नेताले बारा-२ मा भएको निर्वाचनबारे भ्रम छर्दै हिंडेको पाइएको छ,' यादवले भने, 'चुनाव हारेपछि यसो भन्नुको अर्थ छैन।'जनमत पार्टीका अध्यक्ष एवम् सांसद डा. राउतले यसअघिको संसद बैठकमा बारा-२ मा यसपालि सत्ताको लठ्ठी र बन्दुकको बलमा चुनाव गराएर जसपा अध्यक्ष उपेन्द्र यादवलाई जबर्जस्त जिताइएको आरोप लगाएका थिए। राउतको अभिव्यक्तिप्रति लक्षित गर्दै सांसद यादवले भने, 'चुनावमा हारेका एक पार्टीका नेताले बुथ कब्जा भयो, फर्जी मतपत्र खसालियो, धाँधली भयो भनेर जुन आरोप लगाइरहनु भएको छ, त्यो आरोप बेबुनियाद छ, त्यहाँको जनतालाई नै सोधे हुन्छ, जनता धेरै खुशी छन्।'
सांसद यादवले बारा-२ मा ३४ उम्मेदवारले चुनाव लडेको भए पनि जनमतबाहेक अरु सबै उम्मेदवारले पराजय सहजरुपमा स्वीकारिसकेको र एक जना मात्रैले हार स्वीकार गर्न नसकेर नाटक गर्दै हिँडेको यादवले बताए। यादवले बारा-२ मा शान्तिपूर्ण र स्वच्छ निर्वाचन गराएकामा निर्वाचन आयोग र सुरक्षा निकायलाई धन्यवाद ज्ञापन गरे।

## जमिन मिचेर पोखरी, विरोध गर्दा मार्ने धम्की !

*'आफ्नै जमिन मिचेर पोखरी खनेको बिरोध गर्दा गगन महतो सुडीले डोजरले हिर्काएर मार्ने धम्की दिएपछि केही स्थानीयले जग्गासमेत बेचेका छन्'*

**घनश्याम बलम्पाकी**
**सर्लाही, १५ वैशाख।**
पर्सा गाउँपालिका-४ का गगन महतो सुडीले ईश्वरपुर नगरपालिका-१५ पोखरियास्थित आफ्नो निजी जग्गामा पोखरी खनेका छन्। पोखरी खन्ने क्रममा सीमाका किसानको जमिन मिचेको भन्दै विरोध गर्दा सुडीले ज्यानै मार्ने धम्की दिएको किसानले आरोप लगाएका छन्।



पोखरी छेउछाउका दर्जन भन्दा बढी स्थानीय किसान अन्यायमा परेको बताइएको छ। सुडीले पोखरी विस्तारक्रममा आफूहरुको जमिन जबरजस्ती मिचेर सुकुम्वासी बनाई उठिवास गराएको र विरोध गर्दा ज्यानै मार्ने धम्की दिएको पीडित किसानले दाबी गरे। झण्डै १० वर्षअघि सुडीले रानीगञ्जका एक किसानसँग चार बिघा जग्गा किनेका थिए। उनले जग्गामा दुई वर्ष अघिबाट माछा पोखरी खन्न सुरु गरे। पोखरी खनेको माटो आफूहरुको जमिनमा थुपारेको पीडित किसान बताउँछन्। सुडीले कतिलाई थोरै पैसा दिएर कतिलाई धम्क्याएरै जमिन लिएर पोखरी ८ बिघामा फैलाएको आरोप पनि छ।
सुडीले पोखरी खनेको माटो आफ्नो जमिनमा थुपारेको र आफूले हटाउन आग्रह गर्दा उल्टै कुटपिट गरेको स्थानीय मक्सुद अन्सारीले बताए। आफ्नो १० कठ्ठा जग्गा जबर्जस्त हडपेको र बाँकी १५ कठ्ठा जग्गा पनि हडप्न खोजेपछि विवाद भएको पीडित मक्सुदले बताए। उनले पटकपटक सुडीको डोजर रोक्न खोज्दा डोजरले नै च्यापेर मारिदिने धम्की दिएको बताए। अर्का किसान असिन अन्सारीले सुडीको ज्यादती सहन नसकेर सस्तोमै जग्गा बेचेका छन्। आफूलाई बाध्य बनाएपछि जग्गा बेचेको भन्दै उनले अहिले आफू सुकुम्वासी बनेको पीडा सुनाए। असिनजस्तै अर्का किसान सबीर अन्सारीको पनि पीडा छ। उनको जग्गा पनि पोखरीमै परेको छ। बाध्य भएर जमिन बेच्नु परेको सबीरले पनि बताए। त्यस्तै, सुडीले खनेको पोखरीका कारण हरि पूर्वाकी भुनिदेवी रामको पनि १० कठ्ठा जमिन च्यापिएको छ। उनको त के सम्म भने खेतमा लगाएको मसलाका रुखसमेत सुडीले थाहै नदिइ काटेर लगेका छन् भने बाँकी रहेको पोखरीको माटोले पुरी दिएका छन्। उनले आफूले ५० औं वर्षदेखि भोगचलन गर्दै आएको जग्गा भए पनि पोखरीधनी सुडीले जबर्जस्ती मिचेको भन्दै न्याय दिलाउन आग्रह गरिन्। त्यस्तै, पोखरियाका अर्का किसान तेज नारायाण साह कानूको पनि जमिन पोखरीमा परेको छ। पोखरी वरिपरी दुई तीन ठाउँमा भएको जमिन पुरेको भन्दै तेजनारायण पनि सुडीले आफूहरुमाथि अन्याय गरेको बताउँछन्। उनले त ईश्वरपुर नगरपालिकाको न्यायिक समितिमा सुडीविरुद्ध निवेदन दिएका छन्। सुडीले गरिब किसानलाई त हेपे, जनप्रतिनिधि र प्रहरी प्रशासनलाई समेत नटेरेको पाइएको छ। विवाद मिलाउन वडा अध्यक्षले पटकपटक बोलाउँदा सुडी नआएको ईश्वरपुर-१ का वडा अध्यक्ष धर्मेन्द्र राय यादवले बताए। वडाअध्यक्ष यादवका अनुसार छलफलका लागि प्रहरीले बोलाउँदा समेत अटेर गर्दै आएका छन्। अहिले यो विवाद ईश्वरपुर नगरपालिकाको न्यायिक समितिमा पुगेको छ। न्यायिक समिति सदस्य ढुंडीराज पोखरेलले सुडीविरुद्ध समितिमा उजुरी परेको पुष्टि गर्दै न्यायको प्रक्रियामै रहेको बताए। उनले भने, 'उजुरीको विषयमा बुझ्न खोज्दा सुडीलाई पटकपटक फोन गर्दा बेवास्ता गरिरहेका छन्।'



# फरार सूचीका कोइरी उद्योग समितिमा सिफारिस

**मधेशदृष्टि**
**जनकपुरधाम, १५ वैशाख।**
फरार सूचीमा रहेको भनिएका नेकपा एमालेका प्रतिनिधिसभा सदस्य लक्ष्मी महतो कोइरी उद्योग तथा वाणिज्य र श्रम तथा उपभोक्ता हित समितिमा सिफारिस भएका छन्।

प्रमुख प्रतिपक्षी दल नेकपा एमालेले संघीय संसद सचिवालयमा बुझाएको विवरणमा सांसद कोइरी उद्योग समितिमा सिफारिस भएका हुन् । प्रतिनिधिसभा बैठकले सिफारिस अनुसार उनको नाम अनुमोदन गर्नेछ । मधेश आन्दोलन २ को क्रममा महोत्तरीमा कार्यरत असई थमन बिकको हत्यामा संलग्न भएको



भन्दै उनलाइ सजाय सुनाएपछि कोइरी 'फरार' सूचीमा छन्। हुन त बिहीबार उनले संसद सचिवालयमा पत्र लेखेर स्वास्थ्यका कारण देखाउँदै बैठकमा उपस्थित हुन नसकेको जानकारी गराइसकेका छन्। विनासूचना १० पटकसम्म लगातार बैठकमा अनुपस्थित भएमा स्वतः सांसद पद खारेज हुने भएपछि कोइरीले पत्र लेखेर उपस्थित हुन नसकेको जनाएका हुन्।

यसैबीच, सांसद कोइरीको विषयलाई लिएर विवाद भएपछि शुक्रबार संसद बैठक आधा घण्टाका लागि स्थगित भएको थियो।

सभामुख देवराज घिमिरेका अनुसार उनी लगातार २१ वटा बैठकमा अनुपस्थित छन् । अनुपस्थितिको कारणमा बिरामी रहेको भनिएको छ।

सभामुखले उनीलाई बिरामी भएकाले संसदमा अनुपस्थिति भएको जानकारीपछि एमालेबाहेकका सांसदले उठेर विरोध जनाएका थिए। त्यसपछि सभामुख देवराज घिमिरेले संसद बैठक आधा घण्टाका लागि स्थगित गरेका थिए।

# अयोग्य लडाकूलाई रकम बाँडने निर्णय खारेजको माग



**मधेशदृष्टि**
**जनकपुरधाम, १५ वैशाख।**
अयोग्य प्रमाणीकरण भएका लडाकूहरुलाई २-२ लाख रुपैयाँ बाड्ने निर्णय तत्काल खारेज गर्न प्रमुख प्रतिपक्ष नेकपा एमालेले माग गरेको छ।

प्रतिनिधिसभा बैठकको सुरुमा समय लिएर बोलेका एमाले प्रमुख सचेतक पदम गिरीले यसबारे सरकारको ध्यानाकर्षण गराएका छन्। आर्थिक संकटमा रहेकाले वृत्तभत्तादेखि प्रदेश र स्थानीय तहको समानीकरण अनुदान कटौती गरेको सरकारले ४ हजार ८ सय बढी व्यक्तिलाई २ लाख रुपैयाँको दरले रकम बाँड्न लागेको उनले बताए।

चालु आर्थिक वर्षमा १ अर्ब ४० करोड छुट्याए पनि शान्ति प्रक्रियाका बाँकी काम पुरा गर्न सरकार गम्भीर नभएको भन्दै उनले अघि भने, 'सत्य निरुपण तथा मेलमिलापको काम थाति राखिएको छ, त्यतितिर चिन्ता छैन। तर देशबाट पैसा निकालेर धमाधम कार्यकर्तालाई पैसा बाँड्ने काम थालिएको छ।'

अन्मिनले पुनः प्रमाणीकरण गर्दा २ हजार ४ सय ५१ जना को थिए भन्ने यकिन नभएको र तीनको नाममा ९५ करोड रुपैयाँ माओवादी नेतृत्वले लगेको भन्दै उनले भने, 'त्यो पैसा कहाँ गयो ? एमाले प्रमुख सचेतक गिरीले शान्ति प्रक्रिया पूरा गर्न ध्यान नदिने, तर राज्य कोषबाट दोहन गर्ने काम स्वीकार्य नहुने बताए। अर्थतन्त्र शिथिल भएको बेला अन्मिनको प्रमाणीकरणमा नपरेका माओवादी पूर्व लडाकुलाई रकम वितरणका लागि गृह मन्त्रालयले कार्यविधि पास गरेको भन्दै सरकारको आलोचना हुन थालेको छ।

# रकम अभावले अस्पताल निर्माण रोकियो




**मधेशदृष्टि**
**जनकपुरधाम, १५ वैशाख।**
रकम आभावले अनुमति पाएका १ सय ८१ आधारभूत अस्पतालको निर्माण रोकिएको छ।

अर्थ मन्त्रालयले ९६ वटा अस्पतालका लागि बजेट निकासा गरेको ५ महिना बितिसक्दा पनि भुक्तानी भएको छैन । दुई महिना अगाडि ८५ वटा अस्पताल निर्माणका लागि स्वास्थ्य मन्त्रालयले थप रकम माग गरेको छ। तर अर्थले फाइल सदर गरेको छैन।

मन्त्रालयको नीति तथा योजना अनुगमन शाखाका प्रमुख डा. कृष्ण पौडेलका अनुसार बजेटकै कारण अधिकांश आधारभूत अस्पतालका निर्माण कार्य प्रभावित बनेका छन्। 'अधिकांश स्थानीय तहले डीपीआर सकेर अस्पताल निर्माणका लागि पैसा मागि रहेको छ । तर अर्थबाट पैसा भुक्तानी नहुँदा धेरै अस्पताल अलपत्र बनेका छन्,' डा. पौडेलले भने।

सरकारले आर्थिक बर्ष २०७७/७८ को नीति तथा कार्यक्रममा भूगोल र जनसंख्या आधारमा हरेक स्थानीय तहमा ५, १० र १५ शैयाको आधार भूत अस्पताल स्थापना गर्ने नीति लिएको थियो। अस्पताल नभएका स्थानीय तहमा क्रमशः भवन निर्माण गर्दै जाने योजना अनुसार स्वास्थ्य मन्त्रालयले दुई चरणमा गरी ६ सय ५५ वटा आधारभूत अस्पताल बनाउन स्थानीय तहलाई स्वीकृति दिइएको थियो। १७ मंसिर ०७७ मा तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीले एकसाथ ३ सय ९६ आधारभूत अस्पतालको शिलान्यास समेत गरेका थिए। तर तीन वर्ष पुग्न लागिसक्दा पनि कतिपय अस्पतालको प्रारम्भिक रिपोर्ट समेत बन्न सकेको छैन।

स्वास्थ्य मन्त्रालय अन्तर्गतको आधारभूत अस्पताल इकाइको तथ्यांक अनुसार १२४ अस्पतालको प्रारम्भिक रिपोर्ट तयार भएको छैन । 'आधारभूत अस्पतालहरुका लागि मापदण्ड अनुसार जग्गा पाउन नसक्नु नै निर्माण कार्य ढिलाइ भएको देखिन्छ। कतिपय ठाउँमा जग्गा विवादका कारण पनि निर्माण प्रक्रिया सुरू हुन नसकेको आधारभूत इकाइका अधिकृत विनोदकुमार अर्यालले जनाएको छ । स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका अनुसार तीन वर्षको अवधिमा १९ वटा आधारभूत अस्पताल मात्रै निर्माणको अन्तिम चरणमा पुगेका छन् । अन्तिम चरणमा पुगेका आधार भूत अस्पतालले अन्तिम निकासा समेत लिइसकेका छन्। स्वास्थ्य मन्त्रालयका अधिकारीका अनुसार केही महिनामा भवन निर्माण कार्य सम्पन्न भइसक्नेछ । तर २०८०/८१ मा १०० आधारभूत अस्पताल सञ्चालन ल्याउने योजना बनाएपनि आर्थिक अभावकै कारण सञ्चालन नहुने देखिन्छ । आर्थिक वर्ष २०७९/८० मा भने ७१ अर्ब स्वास्थ्य मन्त्रालयलाई छुट्टाइएको थियो। डा. पौडेलका अनुसार स्वास्थ्यका नियमित कार्यक्रमलाई समेट्ने हो भने पनि ३३ अर्ब बजेट अपुग हुन्छ । आगामी आर्थिक वर्षमा मात्रै आधारभूत अस्पताल निर्माणका लागि १५ अर्ब आवश्यकता पर्ने मन्त्रालयको अनुमान छ । आर्थिक वर्ष २०८०/८१ लागि स्वास्थ्य मन्त्रालयले ४१ अर्ब बजेटको सिलिङ पाएको छ, जुन रकम कर्मचारीको तलब र केही नियमित कार्यक्रमलाई ठिक्क हुने अधिकारीहरु बताउँछन् । यही सिलिङमा रहेर काम गर्ने हो भने स्वास्थ्यका धेरै महत्वपूर्ण कार्यक्रम अलपत्र हुने स्वास्थ्य मन्त्रालयको नीति तथा योजना अनुगमन शाखाका प्रमुख डा. पौडेलले बताए ।

# अण्डरवेयरभित्र लागूऔषध किराना पसलमा गाँजा

**मधेशदृष्टि**
**वीरगंज, १५ वैशाख।**
मधेशमा लागुऔषधको कारोबार दिनानुदिन बढ्दो छ । प्रहरीले शंकाका आधारमा, सुराकका भरमा गरेको चेकजाँचमा अनौठा अनौठा लागूऔषधका घटना देखिएका छन्।

मधेश प्रहरी जनकपुरधामले सावजनिक गरेको सूचनाहरुमा यस्तो दृश्य देखिएको हो।

**अण्डरवेयर र मोजाभित्र लागूऔषध**

बिहीबार राति सवा १० पर्साको वीरगंज-१६ बसपार्क, भानुचोकमा समातिए मकवानपुर, मनहरी-७ का २४ वर्षीय पासाङ नोखु लामा। भारत रक्सौलबाट वीरगंज आउँदै गरेका पैदलयात्री लामाका साथमा भेटियो नाइट्रा केयर-१० ३८ पत्ता अर्थात् (३ सय ७८ पिस)। अझ रमाइलो त यो देखियो कि उनले प्रहरीले फेला पार्ला भनेर लागूऔषध अण्डरवेयरभित्र राखेका थिए।

बिहीबार राति नै ९ बजे वीरगंज-१६ रजतजयन्ती चोकमा प्रहरी चौकी इनर्वाबाट तथा लागूऔषध नियन्त्रण ब्युरोको टोलीले भारत रक्सौलबाटनेपालपैदलआइरहेका काठमाडौं, कालोपुलका ३० वर्षीय विजय कार्कीलाई पक्राउ गरेको छ। चेकजाँचमा मोजाभित्र लुकाइछिपाइ ल्याइएको नुफिन १३ एम्पुल, डाइजेपाम १३ एम्पुल र फेनारगन १३ एम्पुल फेला पऱ्यो।

**किराना पसलमा गाँजा**

धनुषा, जनकनन्दनी-५ उदाहा टोलमा बरूण मण्डलले घरअगाडि घुम्तीमा गाँजा बेच्दै गरेको सूचनापछि पुगेको टोलीले २ सय ५० ग्राम गाँजा र ५ किलो भाङको भूस बरामद गरेको छ।

यस्तै, सप्तरीको राजविराज-११ झलहीमा बिहीबार राति ३२ वर्षीय विशेश्वर यादव किराना पसलबाटै गाँजा बेचिरहेको अवस्थामा पक्राउ परे । उनका साथबाट आधा किलो गाँजा बरामद भएको छ।

# सानिमाले दियो १० लाखको वीमा भुक्तानी

**मधेशदृष्टि**
**वीरगंज, १५ वीरगंज।**
पर्साको पटेर्वासुगौली निवासी आशा कुमारीले सानिमा बैंकले सानिमा दीर्घायु बचत योजना अन्तर्गत १० लाख रुपैयाँको दुर्घटना वीमा दाबी रकम भुक्तानी प्राप्त गरेकी छन्।

बैंकका खातावाला पति उदय कुमार साहको दुर्घटना भई मुत्यु भएकाले हकवाला पत्नी आशा कुमारीलाई सानिमा दीर्घायु बचत योजना अन्तर्गत १० लाख रुपैयाँको दुर्घटना वीमा रकम भुक्तानी गरेको बैंकले जनाएको छ । सानिमा बैंकका मधेश प्रदेश प्रमुख दिपेश सिंह ठकुरीले वीमा प्रदायक कम्पनी सिद्धार्थ इन्स्योरेन्स लिमिटेडको संयोजनमा वीमा रकमको चेक हस्तान्तरण गरे।



स्वर्गीय उदय कुमार साहले सानिमा बैंकको पटेर्वासुगौली शाखामा योजनाअन्तर्गत बचत खाता खोलेका थिए । सानिमा बैंकले दीर्घायु बचत योजना अन्तर्गत १० लाख रुपैयाँको दुर्घटना वीमा, ३ लाख रुपैयाँसम्मको ६ जटिल रोगको उपचार वीमा, १० हजार रुपैयाँसम्मको ओपिडी भुक्तानी शुल्कसहितको ५० हजार रुपैयाँसम्मको औषधी उपचार वीमा, २५ हजार रुपैयाँको आवधिक जीवन वीमा र ५ हजार रुपैयाँको वार्षिक स्वास्थ्य परीक्षण सुविधा प्रदान गर्दै आइरहेको छ। बैंकको सातै प्रदेशमा १ सय ३० कार्यालय तथा १ सय २३ एटिएम सञ्चालनमा छन्।

# विवाह भोजको विषयमा भएको विवादमा कुटाकुट

**मधेशदृष्टि**
**जनकपुरधाम, १५ वैशाख।**
विवाह भोजको विषयमा विवाद हुँदा महोत्तरीको बर्दिबासमा जनप्रतिनिधिकै निर्देशनमा कुटपिट भएको आरोप लगाइएको छ।

बिहीबार राति बर्दिबासस्थित वडा नम्बर ७ मा वडा अध्यक्ष भोरिल यादवको निर्देशनमा उनका बुबा गंगा यादव र भाइहरू रामस्वाग, राम र रामसुभक यादवले छिमेकी चण्डेश्वर महतोमाथि हातपात गरेको आरोप गरिएको पिडीतले आरोप लगाएका छ्न । पीडित भनिएका चण्डेश्वर महतोका अनुसार वडा अध्यक्षका बुबा र भाइहरूले घरमै आएर आक्रमण गरेका हुन् । 'हामी घरमा बसिरहेका थियौं, उनीहरू एक्कासि आएर अन्धाधुन्ध आक्रमण गरे', महतोले भने।

वडा अध्यक्ष भोरिल यादवले भने आफ्ना बुबा र भाइहरू घरमा गएर कुटपिट गरेको आरोप निराधार भएको प्रतिक्रिया दिएका छन् । उनीहरुले आरोप लगाएका व्यक्तिमध्ये एउटा भाइ गाउँमा नै नभएको अध्यक्ष यादव दाबी गरेका छन् । कुटपिटबाट चण्डेश्वरको ढाडमा सामान्य निलडाम देखिन्छ । उनका भाइ विन्देश्वर महतो र छोरा उमेश महतो पनि छुटाउने क्रममा सामान्य घाइते भएको प्रत्यक्षदर्शी दिपलाल महतो र रामदेव महतोले बताएका छन्। घाइते चण्डेश्वर महतोलाई उपचारको लागि अस्पताल पठाइएको इलाका प्रहरी कार्यालय बर्दिबासले जनाएको छ। घटनाको विषयमा दुवै पक्षबिच थप छलफल अगाडि बढाउने प्रहरीको भनाइ छ । अध्यक्ष भोरिल यादव पक्षका अनुसार ११ वैशाखमा चण्डेश्वरकी नातिनीको विवाह भएको थियो । सोही विषयमा विवाद हुँदै भएको थियो।

## ----- राशिफल -----

**मेष - ARIES**
चु,चे,चो,ला,लि,लु,ले,लो,अ
आज विशिष्ट व्यक्तिको साथ पाइनेछ। दाम, इनाम र प्रतिष्ठा कमाउने बेला छ। सामाजिक र राजनैतिक कार्यमा बढी सफलता मिल्नेछ।

**वृष- TAURUS**
इ,उ,ए,ओ,बा,बि,बु,बे,बो
आज आफ्नै दक्षतामा विभिन्न कार्यहरू सम्पन्न हुनेछन् । परिवारमा सुख सन्तोष छाउला । नयाँ ज्ञान सिक्ने मौका पनि मिल्नेछ।

**मिथुन - GEMINI**
का,कि,कु,घ,ङ,छ,के,को,ह
आज यात्रामा मालसामान हराउने र मनमा निराशा आउला । प्रेममा मनमुटाव पनि आउन सक्छ, तर साँझमा यात्राको योजना बन्नेछ।

**कर्कट - CANCER**
हि,हु,हे,हो,डा,डि,डु,डे,डो
आज सामाजिक क्षेत्रमा सफलता मिल्नेछ। मनमा सहयोग भाव आउला। प्रेम सम्बन्ध कसिलो हुनेछ। रमणीय र सुखद् यात्राको योग छ।

**सिंह - LEO**
मा,मि,मु,मे,मो,टा,टि,टु,टे
आज धनार्जनका स्रोतहरू पत्ता लाग्नेछन् । आत्मबल बढाएर काम गरेमा असफल भइँदैन । वित्तिय संस्थाबाट सहयोग पनि पाइनेछ।

**कन्या - VIRGO**
टो,प,पि,पु,ष,ण,ठ,पे,पो
आज लाभदायक यात्रा रहला। महिला वर्गबाट विशेष सहयोग मिल्नेछ । परिश्रम गर्दा धनार्जन हुनेछ । कुनै कुराले मनमा शान्ति छाउनेछ।

**तुला - LIBRA**
र,रि,रु,रे,रो,ता,ति,तु,ते
मनमा दुबिधा उत्पन्न हुनेछ। अधिकार प्राप्तिका लागि संघर्ष गर्नु पर्ला । आर्थिक कारोबारमा मन्दी आउनेछ, आफन्तबाट सहयोग चैं मिल्ला।

**वृश्चिक - SCORPIO**
तो,ना,नि,नु,ने,नो,या,यि,यु
आज गरेको कार्यमा सफलता मिल्नेछ। शैक्षिक र वैदेशिक क्षेत्रको काम अघि बढ्नेछ । व्यावसायिक काममा राम्रै फड्को मार्न सकिनेछ।

**धनु- SAGITTARIUS**
ये,यो,भ,भि,भु,ध,फा,ढ,भे
आज सुखदुःख बराबरी मध्यम खालको दिन छ । ठुलो कारोबारमा लगानी नगर्नु। आत्मबल बढाएर काम गरेमा असफल भइँदैन।

**मकर - CAPRICORN**
भो,ज,जि,खि,खु,खे,खो,गा,गि
आज मनमा शान्ति छाउनेछ। अरुलाई प्रभावित पारेर काम बन्नेछ। नसोचेको ठाउँबाट धनागम हुनेछ। नयाँ कामको थालनी पनि हुनेछ।

**कुम्भ - AQUARIUS**
गु,गे,गो,सा,सि,सु,से,सो,द
साना तिना समस्यामा अल्झनुपर्नेछ। स्वास्थ्यमा समस्या आउला। अनावश्यक धन खर्च हुनेछ । महत्त्वपूर्ण कार्यमा व्यवधान आइपर्ला।

**मीन - PISCES**
दि,दु,थ,झ,ञ,दे,दो,च,चि
आज विद्या र बुद्धिको विकास हुनेछ। सामाजिक तथा धार्मिक कार्यमा रुचि बढ्नेछ । व्यावसायिक काममा राम्रै फड्को मार्न सकिनेछ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

**धनुषा (०४१)**

| | |
|---|---|
| एम्बुलेन्स | १०२, ५२६०९० |
| ५२६०९१,०४१६२०४९१,५२०२३०, ५२३८६४ | |
| | ५२६३६० |
| प्रहरी | १००, ५२००९९ |
| बारुण यन्त्र | ५२००११ |
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| रक्त संचार केन्द्र (रेडक्रस) | ५२०८७० |
| आँखा अस्पताल | ५२०३९७ |
| विद्युत फ्यूज शाखा | ५२०१५१ |
| एयर पोर्ट | ५२००४४ |
| बुद्ध एयर | ५२५०२२ |
| यति एयरलाइन्स | ५२००४७ |
| जानकी केबुल | ५२३७२८ |
| साह केबुल | ५२४७२२ |
| मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |

**महोत्तरी (०४४)**

| | |
|---|---|
| जलेश्वर अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| एम्बुलेन्स | ५२०१०० |
| विद्युत | ५२००६६, ५२०१६६ |

## मन्दिरको समय

**जानकी मन्दिर (प्रत्यके दिन)**

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय : | ०५:०० बजे |
| बिहान पूजा आरती : | ०७:०० बजे |
| बिहान ढोका बन्द : | १२:०० बजे |
| अन्न क्षेत्रे : | निःशूल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय : | ०४:०० बजे |
| सन्ध्या पूजा आरतीःसाँझझा : | ०७:३० बजे |

**रत्नसागर मन्दिर (प्रत्येक दिन)**

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय : | ५:०० बजे |
| बिहान पूजा आरती: | ८:०० बजे |
| भोगराज लाग्ने सयम: | ११:३० बजे |
| निशुल्क अन्न क्षत्रे (दिउँसो): | १२:०० बजे |
| मन्दिर बन्द हुने समय: | १२:०० बजे |
| खुल्ने समय (दिउँसो): | ४:०० बजे |
| रात्री आरती पूजा हुने समय: | ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने सयम: | १०:०० बजे |

**राम मन्दिर (प्रत्येक दिन)**

| | |
|---|---|
| बिहान ढोका खूल्ने समय : | ०५:०० बजे |
| मंगल आरती : | ०७:३० बजे |
| महाप्रसाद भोग : | १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय : | ०३:३० बजे |
| सन्ध्या पुजा आरती साँझ : | ०७:०० बजे |
| रात्रि भोग : | ०९:०० बजे |
| पट बन्द : | ०९:१५ बजे |

# अतिक्रमित जग्गामा वृक्षारोपण गरिने

**मधेशदृष्टि**
**बारा, १५ वैशाख।**
बाराको कोल्हबी नगरपालिकाको वडा नम्बर ५ स्थित रामवनको अतिक्रमित ७ हेक्टर क्षेत्रफलको जग्गामा वन कार्यालयले वृक्षारोपण गर्ने भएको छ।
जिल्ला वन सुरक्षा समितिका अध्यक्ष तथा बाराका प्रमुख जिल्ला अधिकारी नवराज सापकोटाको अध्यक्षतामा डिभिजन वन कार्यालय सिमराको सभाहलमा बसेको बैठकले वृक्षारोपण गर्ने निर्णय गरेको हो। डिभिजन वन अधिकृत बिनोद सिंहले दुईवर्षअघि रामवन क्षेत्रको ५.३ हेक्टर क्षेत्रफलमा वृक्षारोपण गरिएको तर केही व्यक्तिले जग्गा हड्प्ने मनसायले त्यस क्षेत्रमा लगाइएको बिरुवा मासेको बताए। घटनामा संलग्न रहेको आरोपमा वन कार्यालयले वडा नम्बर ५ का वडाध्यक्षसहित केही व्यक्तिलाई पक्राउ गरी उनीहरुमाथि मुद्धासमेत चलाएको थियो। पक्राउ परेका वडा अध्यक्ष जिल्ला अदालतबाट धरौटीमा छुटेका थिए। डिभिजन वन कार्यालयले त्यसक्षेत्रमा तारबारसहित वृक्षारोपण गर्न काँडे तार र पोल झारिसकिएको अधिकृत सिंहले जानकारी दिए। बैठकमा बाराका प्रहरी उपरिक्षक होबिन्द्र बोगटी, इलाका प्रहरी कार्यालय सिमराका प्रहरी नायब उपरीक्षक प्रदिप बहादुर क्षेत्री, कोल्हबी नगरपालिकाको नगरप्रमुख रामप्रसाद चौधरी, पूर्व नगर प्रमुख भरत भण्डारीलगायतको सहभागिता थियो।
यसैबीच, बाराको कोल्हबीबाट लुकाइराखेको अवस्थामा वन गस्ती टोलीले शुक्रबार बिहान ३५ क्युफिट काठ बरामद गरेको छ। डिभिजन वन कार्यालय बारा अन्तर्गत रहेको कोहल्बी नगरपालिका ५ ककडी पोष्टबाट खटिएको वन रक्षक टोलीले काठ बरामद गरेको हो। वन रक्षक टोलीले कोहल्बी नगरपालिका-५, खरियाटोलमा घर छेउमा लुकाएर राखेको अवस्थामा ७ थान सालको र २ थान टिकको गोलाई बरामद गरेको सहायक डिभिजन वन अधिकृत ललन राउतले बताए।

# जानकी नवमीमा राष्ट्रिय बिदा माग




**मधेशदृष्टि**
**जनकपुरधाम, १५ वैशाख।**
जानकी नवमीलाई राष्ट्रिय पर्वको रुपमा घोषित गरी राष्ट्रिय बिदा दिन मधेशी आयोगले सरकारसँग माग गरेको छ।
आयोगका अध्यक्ष विजयकुमार दत्तले शुक्रबार एक विज्ञप्ति निकाल्दै जानकी नवमीको अवसरमा देशभर सार्वजनिक बिदा दिन माग गरेका हुन्। विज्ञप्तिमा पूर्वीय सनातन धर्मको आधारविन्दु मनु-सतरुपा वंशका २५औं राजा शिरध्वज विदेह जनकको कृषि कर्म र धर्मको सुखद प्रतिफल सीताको प्राकट्यता भएको उल्लेख गर्दै प्रत्येक वर्ष धवल नवमीका दिन विदेह-मिथिला भूखण्डमा धुमधाम र हर्षोल्लासका साथ जानकी नवमी मनाइने भएकोले सार्वजनिक बिदा दिन माग गरिएको हो। आयोगले राष्ट्रिय विभूति एउटा प्रदेशमा किन सीमित भन्दै प्रश्नसमेत गरेको छ। यस वर्ष वैशाख १६ गते जानकी नवमी धुमधाम र भक्तिपूर्ण रुपले मनाउन आयोगले सबैसँग आग्रहसमेत गरेको छ।

# आगलागीमा परिवारका तीन घाइते

**मधेशदृष्टि**
**सर्लाही, १५ वैशाख।**
सर्लाहीको मलंगवामा शुक्रबार बिहान ग्यास लिक भएर आगलागी हुँदा एकै परिवारका ३ जना घाइते भएका छन्।
मलंगवा नगरपालिका वडा नम्बर १० मा कोठा भाडामा लिएर बस्दै आएका ४० वर्षीय अहमद मन्सुरीको कोठामा खाना पकाउनेक्रममा आगलागी भएको हो। कोठामा आगो सल्कँदा ९ महिनाको छोरीसहित अहमद र उनकी पत्नी काजुल मन्सुरी जलेर घाइते भएको प्रहरीले जनाएको छ।
आगलागीलगत्तै पुगेको प्रहरी टालीले मन्सुरी परिवारलाई उद्धार गरी मलंगवास्थित प्रादेशिक अस्पताल पुऱ्याइएको प्रहरी उपरीक्षक नरेशराज सुवेदीले बताए। आगलागीमा उनीहरुको शरीरको १५ प्रतिशत भाग जलेको छ।

# सुकईमा विद्यार्थीको स्वागत र बिदाई

**मधेशदृष्टि**
**वीरगंज, १५ वैशाख।**
पर्साको कालिकामाई गाउँपालिका वडा नम्बर २ भेडिहारीस्थित सुकई साह माध्यमिक विद्यालयले शुक्रबार कक्षा ११ का छात्रछात्राको स्वागत तथा कक्षा १२ का छात्रछात्रको बिदाई कार्यक्रम गरेको छ।
विद्यालयद्वारा आयोजित कार्यक्रममा कक्षा ११ का विद्यार्थीले कक्षा १२ का विद्यार्थीलाई बिदाई गरेका थिए। यस्तै, कक्षा १२ मा अध्ययनरत विद्यार्थीले ११ का विद्यार्थीलाई स्वागत गरेका थिए।
विद्यालयका प्रधानाध्यापक रामविश्वास चौरसियाको अध्यक्षतामा भएको कार्यक्रममा वडाअध्यक्ष सोनालाल चौरसियाले ४ वर्ष भित्रमा स्नातक तहस्तरको अध्ययन अध्यापन सुरु गरिने प्रतिवद्धता गरे। शिक्षक लालबाबु यादवले सहजीकरण गरेको कार्यक्रममा पत्रकार छठु साह, शिक्षक सोनालाल साह, उमेश पटेल, वडा सदस्य विजय सहनी, मोहन चौरसिया लगायतले मन्तव्य व्यक्त गरेका थिए।

# राष्ट्रपतिको उपचार खर्च सार्वजनिक गर्न माग

**मधेशदृष्टि**
**जनकपुरधाम, १५ वैशाख।**
प्रमुख प्रतिपक्षी दल नेकपा एमालेका सांसद सुर्य थापाले राष्ट्रपति रामचन्द्र पौडेलको उपचारमा राज्यबाट भएको खर्च विवरण सदनलाई जानकारी गराउन माग गरेको छ। प्रतिनिधि सभाको शुक्रवारको बैठकमा बोल्दै सांसद थापाले सामाजिक सञ्जालहरूमा राष्ट्रपतिको उपचारमा अढाइ करोड बढी खर्च भएका विवरण आइरहेकोले सत्यतथ्य सरकारले सदनलाई जानकारी गराउनुपर्ने बताए। 'राष्ट्रपतिको उपचारमा अढाइ करोड बढी खर्च भएको सामाजिक सञ्जालमा विवरण आइरहेका छन्, भएको के हो ? सरकारले संसद्लाई जानकारी गराएको छैन,' उनले भने, 'सामान्य पेट दुख्दा एयर एम्बुलेन्समा जानुपर्ने यति समृद्ध र यति हैसियतवाला मुलुक नेपाल हो कि होइन ?' प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले जोड गरेर राष्ट्रपतिलाई भारतमा उपचार गर्न पठाएको भन्ने ब्यहोराको विज्ञप्ति राष्ट्रपति कार्यालयबाट जारी भएको पनि थापाको भनाइ थियो। राष्ट्रपति पौडेललाई थप उपचारका लागि वैशाख ६ गते भारत लगिएको थियो। सामाजिक सञ्जालमा राष्ट्रपति पौडेलको उपचारमा १० दिनको खर्च २ करोड ३६ लाख एक हजार रहेको भाइरल भइरहेको छ। औषधोपचारमा एक करोड बाँकी प्लेन भाडा, राष्ट्रपति र उनका छोरा, नाती तथा डाक्टरको भ्रमण भत्ता नै एक करोडा ३६ लाख बढी रहेको खर्च सहितको डाटा सामाजिक सञ्जाल फेसबूकमा भाइरल छ।

# वाइसिएलको वडा कमिटी



**मधेशदृष्टि**
**वीरगंज, १५ वैशाख।**
नेकपा माओवादी केन्द्रको भ्रातृसंगठन वाइसिएलको संगठन विस्तार अभियान अन्तर्गत शुक्रबार बहुदरमाई नगरपालिकाको वडा नम्बर ४ मा सम्पन्न भेलाले मुकेश कुमार सहनीको अध्यक्षतामा १५ सदस्यीय वडा इकाइ कमिटी गठन गरेको छ। भेलाले उपाध्यक्षमा शुक्रबाराद अन्सारी, सचिवमा गुलाब अन्सारी, कोषाध्यक्षमा धुरेन्द्र महतो र सदस्यहरुमा कृष्णा सहनी, सन्तोष सहनी, नरुद्दिन अन्सारी, चन्दन सहनी, अर्जुन सहनीलगायतलाई चयन गरेको छ। कार्यक्रममा वाइसिएल पर्सा संयोजक दीपक सिंह पटेल, वीरगंज महानगरपालिकाका अध्यक्ष भुखल यादवलगायतको सहभागिता थियो।

# अधिकृत ढुगेलविरुद्ध भ्रष्टाचार मुद्दा

**मधेशदृष्टि**
**जनकपुरधाम, १५ वैशाख।**
खाद्य प्रविधि तथा गुण नियन्त्रण विभागका खाद्य अनुसन्धान अधिकृत योगेन्द्र ढुंगेलविरुद्ध अख्तियार दुरुपयोग अनुसन्धान आयोगले भ्रष्टाचार मुद्दा दायर गरेको छ। सेवाग्राहीबाट रिसवत लिएको आरोपमा ढुंगेलविरुद्ध विशेष अदालत काठमाडौँमा शुक्रबार मुद्दा दायर गरिएको हो। ढुङ्गेलले अनुज्ञापत्रका लागि सेवाग्राहीसँग एक लाख ५० हजार रिसवत मागेको अख्तियारको दाबी छ। आयोगले ढुङ्गेललाई रिसवत रकमसहित नियन्त्रणमा लिएको थियो। आयोगले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिम रिसवत लिई भ्रष्टाचार गरेको आरोपमा उक्त रकम बराबरको बिगो दाबी गरेको छ। त्यस्तै, उक्त ऐनको दफा ३ बमोजिमको कैद र बिगो बराबरको जरिबाना माग गरिएको छ।

# १५ दिनभित्र निवेदन दिन आव्हान

**मधेशदृष्टि**
**रौतहट, १५ वैशाख।**
जिल्ला प्रशासन कार्यालय रौतहटले अनुचित लेनदेन अथवा मिटर ब्याजपीडितलाई १५ दिनभित्र लिखित निवेदन दिन आव्हान गरेको छ।
सिडियो धर्मेन्द्र कुमार मिश्रले शुक्रबार सूचना जारी गर्दै वैशाख १७ आइतबारदेखि ३१ गतेसम्म सबुत प्रमाणसहित जिल्ला प्रशासन कार्यालयमा निवेदन दिन मिटर ब्याजपीडितलाई आव्हान गरेका हुन्। मिटरब्याजसम्बन्धी जाँचबुझ आयोग २०७९ बाट निवेदन आव्हान भए बमोजिम रौतहटभित्रका मिटर ब्याजपीडितका लागि निवेदन दिन कर्मचारीको सहयोगमा फाराम भर्ने व्यवस्था मिलाइएको सूचनामा उल्लेख छ। साथै विगतमा निवेदन दिएका निवेदकले पुनः फाराम भर्ने व्यवस्था मिलाइएको सूचनामा उल्लेख छ।

# सातै प्रदेशमा नमूना अस्पतालः मन्त्री

**मधेशदृष्टि**
**जनकपुरधाम, १५ वैशाख।**
संघीय मामिला तथा सामान्य प्रशासनमन्त्री अमनलाल मोदीले देशको सातै प्रदेशमा निजामती कर्मचारी अस्पतालजस्तै नमुना अस्पताल निर्माण गर्ने बताएका छन्।
शुक्रबार काठमाडौँमा आयोजित निजामती कर्मचारी अस्पतालमा सर्जिकल भवन हस्तान्तरण कार्यक्रममा मन्त्री मोदीले आगामी बजेटमा अस्पताल निर्माणका लागि थप बजेटको व्यवस्था गर्ने तयारीमा सरकार रहेको बताए।
मन्त्री मोदीले भने, 'निजामती कर्मचारी अस्पतालजस्तै सातै प्रदेशमा नमुना अस्पताल निर्माण गर्नेबारे सोचिरहेका छौँ। यसका लागि आगामी आवमा बजेटको व्यवस्था गर्न खोजिरहेका छौँ।' उनले



अस्पताल निर्माणको योजनाबारे जानकारी दिँदै भने, 'ती अस्पतालमध्ये पनि राष्ट्रिय कलाकार, राष्ट्रिय व्यक्तित्व, विभिन्न आन्दोलनका घाइते, सहिद वा बेपत्ताका परिवारका लागि पनि छुट्टै अस्पताल निर्माण गर्ने तयारीमा सरकार छ।'
मन्त्री मोदीले सबै जनतामा सुलभ उपचार सेवा उपलब्ध गराउन मन्त्रालयले पहल गर्ने र थप अस्पताल निर्माणका लागि चीन सरकारसँग सहयोगका लागि पहल गरिने धारणा व्यक्त गरे। कार्यक्रम चीन सरकारले निर्माण गरेको नयाँ सर्जिकल भवन र पुरानो भवन पुनःनिर्माण गरी नेपाल सरकारलाई हस्तान्तरण गरिएको थियो।
समारोहमा नेपालका लागि चिनियाँ राजदूत छन सोङ्ले स्वास्थ्य क्षेत्रमा सहयोग र सहकार्य गर्न चीन सरकार प्रतिबद्ध रहेको बताए। अस्पतालका कार्यकारी निर्देशक प्रा डा विधाननिधि पौडेलले सर्जिकल भवनले थप उपचार सेवा उपलब्ध गराउन सहज हुने बताए। भवनमा एक सय पाँच साधारण शयूया, १२ सघन कक्ष र चार शल्यचिकित्सा कक्ष छन्।

## जनकपुरधाम डायरी — मधेशदृष्टि

# महतोको शालिक निर्माण गर्न माग



**जनकपुरधाम।** जनकपुरधाममा मधेश आन्दोलनका प्रथम सहिद रमेश महतोको नाममा शालिक निर्माण प्रक्रिया अगाडि बढाउन लोकतान्त्रिक समाजवादी पार्टी नेपालको भ्रातृ संगठन लोकतान्त्रिक युवा संघ नेपाल धनुषाले माग गरेको छ। लोसपा युवा संघ धनुषाका अध्यक्ष प्रशान्त कुमार झाको नेतृत्वमा पुगेको टोलीले जनकपुरधाम उपमहानगरपालिकाका उपप्रमुख किशोरी साहलाई ज्ञापन पत्र बुझाउँदै यस्तो माग गरेको हो। ज्ञापनपत्रमा जनकपुरधाम उपमहानगरपालिकाले रमेश महतो चौकमा तत्कालीन भानुभक्तको नाममा रहेको भानु चौकलाई पुनः रमेश महतो चौकको सट्टा भानु चौक निर्माण गरी भानुभक्तको शालिक स्थापना गर्ने योजना रहेकोमा संघको गम्भीर ध्यानाकर्षण भएको ज्ञापनमा मार्फत भनिएको छ। मधेश आन्दोलनको मर्म र भावना विपरीत रमेश महतो चौकलाई विस्थापित गर्ने कार्य भए आफूहरु संर्घष गर्न बाध्य हुने ज्ञापनपत्रमार्फत चेतावनी दिइएको छ। अध्यक्ष झाले भानुभक्तको शालिकको ठाउँमा रमेश महतोको नाममा शालिक निर्माण प्रक्रिया अगाडि बढाउन माग गरेको छ। ज्ञापनपत्र बुझाउन पुगेको टोलीमा समाजवादी विद्यार्थी युनियनका केन्द्रीय सचिव बलिराम कापडी, लोसपा धनुषाका सहसचिव सानु श्रेष्ठ, लोसपा विद्यार्थी संघका जिल्ला सचिव सिद्धार्थ चौधरी लगायतका युवाको सहभागिता थियो।

# सेवा प्रवाहबारे अन्तरक्रिया




**जनकपुरधाम।** धनुषाको विकास निर्माण तथा सेवा प्रवाहसम्बन्धी सरोकारवाला निकायको सहभागितामा जनकपुरधाममा अन्तरक्रिया भएको छ। तीनै सरकारका प्रतिनिधिको सहभागितामा भएको कार्यक्रममा सरकारी कार्यालयका प्रमुख, प्रदेश सभाका सदस्य तथा प्रतिनिधि सभाका सदस्यको सहभागिता थियो। प्रमुख जिल्ला अधिकारी काशीराज दाहालको संयोजनमा भएको कार्यक्रममा विभिन्न सरकारी निकायले गरिरहेको सेवा प्रवाह, विकास निर्माण तथा समस्याका बारेमा प्रस्तुति तथा छलफल भएको थियो। कार्यक्रममा नेपाली कांग्रेसका नेता बिमलेन्द्र निधिले प्रशासन तथा जनप्रतिनिधिका बीचमा विकास निर्माण एवम् सेवा प्रवाहका विषयमा भएको कार्यक्रममा समस्याको पहिचान र समाधानको विषयमा ठोस निर्णय आउने बताए। उनले कुनै पनि देशको विकासका लागि मानवीय जनशक्तिको विकास आवश्यक भएको बताउँदै राजर्षिजनक विश्वविद्यालयको स्थापना पनि सोही उद्देश्यले भएको बताउँदै यसमा भएको समस्याको समाधान खोज्नका लागि सुझाव दिए। नेकपा एमालेकी नेत्री जुली कुमारी महतोले यस्ता प्रकारका बृहत् सहभागितासहितको अन्तरक्रियाले जिल्लाको विकास निर्माण तथा समस्या समाधानमा ठूलो मद्दत पुग्ने बताए।

# सुगा मधुकरहीमा गायत्री महायज्ञ



**जनकपुरधाम।** धनुषाको हंसपुर नगरपालिकास्थित सुगा मधुकरहीमा नवचेतना जागरण गायत्री महायज्ञ आयोना गरिएको छ। प्रकृति र संस्कृति संरक्षण अभियन्तासमेत रहेका प्रदेश सांसद रामअशिष यादवले सुगा मधुकरही आयोजित महायज्ञलाई सम्बोधन गर्दै गायत्री महायज्ञले परिवारिक मेल र समाजिक एकता बलियो हुने बताए। भारत हरिद्वार शान्तिकुन्ज गायत्री परिवारका टोलीले प्रदेश सांसद यादवलाई माता गायत्रीको प्रतीक पुस्तक प्रदान गरी सम्मान गरेको थियो। गायत्री महायज्ञमा सुगा मधुकरही गाउँका अधिकांश महिला पुरुषको सहभागिता छ। वैदिक मन्त्र र हवन पुजनका साथ सञ्चालन गरिएको महायज्ञमा हिन्दू धर्मको १६ वटा संस्कारबारे सहभागीलाई जानकारी गराइएको छ।

# राष्ट्रिय कविता महोत्सवको बहस



– घनेन्द्र ओझा

ए है ! साँच्चै गज्जब बहस भयो 'राष्ट्रिय कविता महोत्सव'बारे । यो बहुतै राम्रो कुरा हो ।

नेपाल प्रज्ञाप्रतिष्ठान राज्यको निकाय हो । यसका सीमा, मर्यादा हुन्छन् र निश्चित विधिअनुसार यो चल्नुपर्छ । राज्यका निकायले गर्ने हरकार्य मनमोजी हुँदैनन्/हुनुहुँदैन । नेपाल प्रज्ञाप्रतिष्ठानले पनि यसो गर्न पाउँदैन/गर्न दिनुहुँदैन ।

वर्तमान प्रज्ञा परिषद्ले जे गरिरहेको छ, थोरै निर्णय/काममा अलमल हुन सक्छ, सच्याउला । केही निर्णयहरू/कामहरू स्वागतयोग्य गरिरहेको छ, जस्तोः दोहोरो भत्ता खाइरहेका आजीवन उपियाँहरू (सम्मानसाथ 'सदस्यहरू' लेख्नसमेत घीन लाग्यो किनभने उनीहरू दोहोरो राज्यकोष दोहन गर्न पाऊँ भन्दै अदालत गएका छन्, छिःछिःछिः !) ले खाँदै आएको भत्ता रोक्का । यही राष्ट्रिय कविता महोत्सवलाई प्रतियोगिता नामको लिगलिगे दौड नबनाई महोत्सव बनाउने निर्णय ।

तर, जारी बहसमा केही तथ्य पनि मननयोग्य आइरहेका छन्, जस्तोः

महोत्सवमा सबै भाषाका कविता सहभागी गराउँदा करिब सवा सय मातृभाषाहरूको अपमान (ती भाषाहरू पछि पर्ने) हुने भन्ने सन्दर्भ मनासिब लाग्यो । यसले नेपालीबाहेकका अन्य १ सय २० वटाभन्दा बढी भाषाहरू ओझेलमा पर्ने खतरा छ ।

अर्को कुरा- मातृभाषी कविताहरूलाई समावेश गराइए पनि देवनागरी लिपिमा नेपालीमै उल्था गरेर पनि बुझाउनुपर्ने प्रावधानले मातृभाषाका कविताको सम्मान पक्कै गर्दैन । यसले त 'हामीले मातृभाषाका कविता पनि राष्ट्रिय कविता महोत्सवमा जोडेर खतरा क्रमभङ्गता गरिदियौँ नि' भन्ने आतमरति मात्र हुन सक्छ ।

र, ९ फागुनमा हुने मातृभाषी कविता महोत्सवको अर्थ अब रहँदैन, जसका कारण पनि मातृभाषी कविहरूलाई अपमानबोध हुने र मातृभाषी साहित्यमा नकारात्मक प्रभावको जोखिम हुन्छ ।

पुरस्कार (प्रोत्साहन होला) राशि समान १५/१५ हजार रुपैयाँको सवालमा बरु ५० वटा कविता छानेर समालोचना/समीक्षासहित पुस्तक प्रकाशन गर्नु उत्तम होला किनभने १५ हजार रुपैयाँ अहिलेको समयमा धनगढीदेखि काठमाडौँसम्म कविता सुनाउन आउँदा र फर्कंदा सकिन्छ, कविलाई कुनै अर्थ हुँदैन त्यस रकमको ।

कविताको शब्दसीमा नराखिनुले एउटै कवितावाचनमा दिनभर खाइदिन सक्ने अवस्था आउन सक्छ, जुन न्यायोचित हुँदैन ।

**बाँकी कुरा–**

केही विद्वानजनहरूको कुण्ठा र आक्रोश यसको आलोचनामा पोखिनु भनेको वर्तमान प्रज्ञा परिषद्ले गरिरहेका केही सकारात्मक कार्यहरूले उब्जाएको त्रासको परिणाम मात्र देखिन्छ ।

यसो भनिरहँदा वर्तमान प्रज्ञा परिषद् 'गतिलै पो रहेछौँ' भनेर बुल्किन थाल्यो भने यसको गति पनि उँधोतिरै हो, चेतना भया ।

# २६ वर्षमा १२ सन्तान !

**– भूमिराज पिठातोली**

बझाङ । बस्तीभन्दा झण्डै एक किलोमिटर टाढा । अग्लो डाँडाको काखमा एक झुपडी । त्यसैमा बस्छ, सात सदस्यीय एक परिवार । नजिकै छ, डेढ दर्जनबढी वस्तुभाउ अटाउने गोठ । झुपडीसँगै टाँसिएको तबेला । आँगनमा यत्रतत्र छरिएका लुगाकपडा, भाडाँकुडादेखि काठ दाउरा सबै । यो अव्यवस्थित दृश्य हो, खप्तडछान्ना गाउँपालिका-७ गोरखाली खानडाँडाको ।

खानडाँडामा भिङ्खु खड्काको परिवार बसेको एक दशक भयो । चिरापाणि (परिवारलाई चिनिने टोल) मा बुबाको साँघुरो घर चार भाइलाई भाग लागेपछि नअटाएको भन्दै भिङ्खुको परिवार खुला ठाउँ खानडाँडामा गोठ बनाएर बसेको रहेछ । बस्तीभन्दा टाढा भए पनि खन्दै स-सानो बारी (जमिन) जोड्नुभएको रहेछ ।

बालबालिका नाबालक हुँदादेखि नै खानडाँडा बसेका खड्कालाई सुरूआती दिनमा भने परिवार पाल्न त्यति समस्या भएन । बालबालिका हुर्कंदै जाँदा उनका समस्याका पहाडहरू आँखै अगाडि आए । लामो समयपछि जोगिएका सन्तानको पालनपोषण गर्न खड्का दम्पतीको शक्ति हराउँदै गयो । बालबालिका शिक्षाबाट वञ्चित भए । हिलो, धुलो, कुपोषणको समस्याबाट गुज्रँदै किशोरावस्थामा पुगे ।

**२६ वर्षमा १२ सन्तानलाई जन्म**

भिङ्खुकी श्रीमती बेलु खड्काको उमेर ४० वर्ष भयो । केदारस्यूँ गाउँपालिकाको रजाडामा माइतीघर भएकी बेलु र भिङ्खुले विसं २०५४ मा बिहे गर्नुभयो । अहिले खड्का दम्पती दाम्पत्य जीवनमा प्रवेश गरेको २६ वर्ष भइसक्यो । यो अवधिमा बेलुले १२ सन्तानलाई जन्म दिइसक्नुभएको छ ।

खड्का दम्पतीको पहिलो सन्तान बिहे गरेको दोस्रो वर्ष (२०५५ साल) मै जन्मियो । तीन महिना नपुग्दै सन्तान गुमाउनु परेपछि निकै तनावमा भए खड्का दम्पती । अर्को वर्ष नपुग्दै दोस्रो सन्तान जन्मियो । दोस्रो पनि तीन/चार महिनाको बीचमै गुम्यो ।

तेस्रो, चौथो हुँदै सातौँसम्म लगातार सन्तान गुमाएपछि उहाँहरूले गाउँ नै छोड्ने निधो गर्नुभयो । 'गाउँलेले अब तिम्रो जिन्दगी सकियो, निःसन्तान हुने भयौ भनेपछि गाउँमा बस्ने मनै भएन,' भिङ्खु सम्झनुहुन्छ, 'गाउँ नफर्किने गरी जाने मन थियो, तर जाने ठाउँ नै भएन । न त जाने खर्च नै । चरम पीडालाई च्यापेर त्यतै टाँस्सियौँ ।'

भिङ्खु जीवनबाट निराश हुँदै मदिरातर्फ सल्किनुभयो । त्यो बीचमा फेरि आठौँ सन्तानको रूपमा छोरीको जन्म भयो । छोरी जन्मेको एक सातामै उहाँहरू गडरायका वैद्य (जडीबुडी डाक्टर) को सल्लाहमा जानुभयो । पछि वैद्यको औषधिले पहिलो सन्तान जोगायो । पहिलोसहित लगातार दुई छोरी जन्मिएपछि फेरि गाउँलेले छोरा जन्मिएन भनेर कुरा काट्न थाले । गाउँले होच्याइरहेको बेला उनको छोरा जन्मियो । भिङ्खुले छोरा जन्मिएको खुसियालीमा गाउँलेलाई ऋण निकालेर एक हप्तासम्मै छैठी (जन्मको उत्सव) खेलाउनुभयो ।

सन्तान हुर्कंदै गएपछि घरमा बस्न निकै साँघुरो भयो । त्यसपछि उहाँहरू खानडाँडामा गोठ बनाएर बस्नुभयो र कान्छो छोरा हर्कको जन्म पनि खानडाँडामै भयो ।

**१२ वर्षमा छोरीलाई विद्यालय भर्ना**

आर्थिक अवस्था कमजोर र विद्यालय टाढा भएकै कारण खड्काले छोराछोरीलाई किशोरावस्था प्रवेशसँगै विद्यालय पठाउनुभयो । जेठो छोरीले नपढे पनि माइलो छोरीसहित पछिका सन्तानलाई अहिले विद्यालयमा भर्नासम्म गर्नुभएको छ ।

रिरा खड्का भिङ्खुकी माइली छोरी हुनुहुन्छ । उहाँको उमेर १४ वर्ष भयो । अहिले उहाँ ३ कक्षामा पढ्नुहुन्छ । कान्छी छोरी १२ वर्षीया जौकला र ११ वर्षीय छोरा दीपकलाई भिङ्खुले एक कक्षामा भर्ना गरिदिनुभएको छ । नौ वर्षीय हर्कलाई भने सानै उमेर भन्दै विद्यालय पठाएको छैन ।

यता भिङ्खु भने गरिबीको कारण कुनै सन्तानलाई पनि विद्यालय पठाउन नसकेको बताउनुहुन्छ । "सबैका छोराछोरी पढ्न जान्छन् । आफ्ना छोराछोरीलाई पनि विद्यालय पठाउन मन लाग्छ । तर, लुगाकपडा त के, कापी कलमसमेत किन्नलाई पैसा हुँदैन ।" उहाँ बोल्न नसकी भक्कानिनुहुन्छ । आफ्नो छोरीसँगैका बालबालिका अब एसइई दिने तयारीमा पुगेको उहाँले बताउनुभयो । "हामीलाई त मान्छेले मात्रै होइन, भगवान्ले सबै ठग्यो ।" उहाँले भन्नुभयो ।

अहिले आफूसँग छोराछोरीलाई कलम किन्ने पैसा नभएको उहाँले बताउनुभयो । उहाँले भन्नुभयो, 'विद्यालयले भर्ना गर्न जाँदा कक्षामा पोसाक अनिवार्य लगाउनु भनेको छ, नत्र नआउनु भन्नुभएको छ । तर, मसँग सुक्को पैसा छैन । गाउँलेले फालेको कपडा त हामी नयाँ भन्दै ल्याएर शरीर ढाक्छौँ । कताबाट नयाँ पोसाक पाउनु !'

**घर जलेर पीडामाथि पीडा**

खानडाँडामै तीन वर्षअघि खड्काको घर जलेर नष्ट भयो । आगलागी भएपछि निभाउन सक्ने अवस्था नै रहेन । 'डाँडामा भएको घर । निभाउनका लागि माटो मात्रै विकल्प थियो, पानीको हाहाकार । पिउनलाई एक किलोमिटर टाढाबाट बोकेर ल्याउनुपर्थ्यो । दुई/चार नजिकका छिमेकीले साना-साना भाँडामा पानी लिएर आउँदासम्म खरानी भइसकेको थियो,' खड्का सम्झनुहुन्छ । खड्काको गोठमा तीन बाख्रा थिए । घरसँगै बाख्रा पनि पूर्ण रूपमा जलेर नष्ट भए । बेलुले भन्नुभयो, 'हामी बेहोस भइसकेका थियौँ । गाउँले आएर आगो फैलन दिएनन् । माटोले निभाएछन् । पछि हेर्दा बाख्राको त खप्परबाहेक सबै नष्ट भइसकेछ ।' पछि गाउँमा मुचुल्का गर्नुपर्ने कुरा उठेको थियो । 'त्यो पनि ढिला भइसकेको रहेछ,' उहाँले भन्नुभयो ।घरमा बाकस नहुँदा महत्वपूर्ण सरसामान पनि जोगाउन नसकेको उहाँले सुनाउनुभयो । 'बाकस थिएन, ज्याला गरेर जम्मा पारेको १२ हजार रूपैयाँ पनि छानोको भित्तामा राखेका थियौँ,' बेलु भन्नुहुन्छ, 'भरखर किनेका चार/पाँच ब्लांकेट, सबै जनाका एक/एक जोर नयाँ लुगा, भरखर ल्याएका दुई बोरा चामल र गहुँ छुनै नपाएर नष्ट भए ।' त्यस यता अहिलेसम्म कसैका लागि पनि कपडा किन्न नसकेको उहाँले बताउनुभयो ।

खड्काका अनुसार घरमा सबै सामान लगाएर साढे पाँच लाखसम्मको सम्पति जलेर खरानी भयो ।आफन्तहरूले कपडा भाँडाकुँडा र केही दिनका लागि खाद्यान्न सहयोग गरे । त्यसपछि लेकबाट निगालो ल्याउँदै डोका डालो बेचेर आएको पैसाले कोदो, धान किनेर खाने गरेको भिङ्खुले बताउनुभयो । 'कोदोको मूल्य अलि सस्तो पर्ने हुँदा जहिल्यै कोदो किन्यौँ । केही किन्न नसक्ने अवस्था भएपछि गाउँ-गाउँमा गएर मागेर पनि अहिलेसम्म ज्यान धानेका छौँ ।' उहाँले भन्नुभयो ।

बाजेकै पालादेखि मितेरी साइनो भएको हुँदा धर्तिवाडाका ब्रामण समुदायबाट दानको सामग्री पनि खाएको उहाँले बताउनुभयो । 'गाउँघरमा ब्रामणलाई आएको दान आफूले नखानु भन्ने बुझाई छ,' उहाँले भन्नुभयो, 'हुन त ब्रामणले पाएको दानबाट आएको चामल, पिठो हामीले खानुहुँदैन भन्नुहुन्छ । तर, के गर्नु, पापी पेट मान्दैन । उहाँहरूले चामल पिठो लिएर जाउ भन्नुहुन्छ, ल्याउँछौँ । त्यसले पनि हप्तौँ दिन छाक टर्छ ।'

**ओहोरदोहोर गर्दा १० हजार खर्च, राहत मिल्यो सात हजार**

घरमा आगलागी भएपछि राहतका लागि खप्तडछान्ना गाउँपालिकामा धेरै पटक धाउनुभयो भिङ्खुले । उहाँको घरबाट पालिका पुग्न झण्डै दुई सय रूपैयाँ जीपभाडा लाग्छ । राहतका लागि उहाँ दसौँ पटक पालिका पुग्नुभयो । भिङ्खु भन्नुहुन्छ, 'घरबाट पालिका पुग्न धेरै समय त लाग्दैन । तर, पटक-पटक जाँदा पनि कहिल्यै हाकिम नभेटिने, कहिल्यै अध्यक्ष नभेटिने, कहिल्यै ढिलो भइसक्यो भन्दैमा लामो समय बित्यो ।'

त्यो बीचमा भिङ्खुको आठ हजार रूपैयाँ खर्च भइसकेको थियो । 'तत्कालिन अध्यक्ष वर्कबहादुर रोकायाले सहयोग गर्छु भन्नुभयो,' उहाँ सम्झनुहुन्छ, 'त्यसका लागि आफन्तबाट राहत आउने भन्दै ओहोरदोहोरका लागि सापट रकम लिएँ । तर राहत पाउने कहिले हो कहिले भयो ?'

पालिकामा बोलाएको बेलामा पुगिदिन भिङ्खुले एक शिक्षकलाई आग्रह गर्नुभयो । 'धेरैपछि उहाँले राहत ल्याउनुभयो सात हजार रूपैयाँ । त्यसबाट रु दुई हजारशिक्षकलाई नै दौडधुप गरेको भनेर भिङ्खु खर्च दिनुभयो । बाँकी रु पाँच हजार राहत घरमा पुग्यो,' उहाँ भन्नुहुन्छ ।

सरकारी राहत खर्चभन्दा कम पाउनु र ढिलाइ हुनुमा उहाँका आफन्तलाई नै दोषी ठान्नुहुन्छ भिङ्खु । १त्यसले मदिरा खानलाई राहत माग्न आएको भन्ने नराम्रो खबर चिनजानेकैले सुनाएछन् । पालिकामा आफ्नो चिनजानको पनि कोही नहुँदा खर्चभन्दा कम राहत पाएँ,' उहाँले भन्नुभयो । राहतको नाममा एउटा संस्थाले गरेको सहयोगको गुन भने कहिल्यै नबिर्सने उहाँ बताउनुहुन्छ । ग्रामीण स्वावलम्बन विकास केन्द्र (आरएसडीसी) संस्थाले घर जलेको केही समयपछि लुगाकपडा, भाँडाकुँडा, खाद्यान्नलगायत केही राहत दिएको, सीप सिक्न मद्दत गरेको हुँदा यो सानो घर बनाएर बसेको उहाँले बताउनुभयो ।

**गाउँलेलाई खुसी पार्ने चौपायाको रेखदेख**

श्रम गर्न आफ्नो जमिन नभएपछि उहाँ खानडाँडा आउनुभएको थियो । खानडाँडामा उहाँले जमिन खन्दै अहिले बारी फैलँदै गएको छ । त्यहाँ उब्जनी हुने अन्नले भने एक महिनालाई खान पुग्दैन । 'डाँडामा पानी छैन, मल पनि हुँदैन । अनि के उत्पादन हुन्थ्यो र ? कहिल्यै काम लाग्न सक्छ भनेर गरा (समथर बारी) बनाएको हुँ,' उहाँ भन्नुहुन्छ ।

अहिले भिङ्खुको गोठमा डेढ दर्जन गाई गोरू छन् । 'गाउँलेले गाईले दूध नदिने भएपछि हेर्ने मान्छे छैन भन्दै यहाँ लिएर आउँछन्,' भिङ्खु भन्नुहुन्छ, 'खुला ठाउँ भन्दै फिर्ता नगर्नु, आफैँ पाल्नु, खानु भनेर यता ल्याएर छोड्छन् । म पनि उहाँहरूलाई खुसी पार्न, मल पनि बढाउन सकिन्छ भन्दै गोठमा बाँध्ने गरेको छु ।'

गाउँमा सबैका छोराछोरीहरू विद्यालय जान्छन्, आफ्ना छोराछोरीहरू गाउँलेले छोडेका वस्तुभाउ चराउने गरेको उहाँ बताउनुहुन्छ ।

'घरमा गोरू हेर्ने मान्छे छैन भन्नुहुन्छ, छोराछोरी स्कुल जान्छन रे । त्यो समस्या देखाएर गाई गोरू सिधैँ यतै लिएर आउँछन् । कहिलेकाँही चामल, पिठो उहाँहरूलाई नै सहयोग माग्नुपर्छ भनेर पनि 'हुँदैन' भन्न सकिँदैन । पालिरहेको छु,' उहाँले भन्नुभयो । गोरू मात्रै नभई एक आफन्तले घोडासमेत पाल्नका लागि छोडेको उहाँले बताउनुभयो ।



# पत्रकारितामा शुद्धीकरणको नयाँ मापदण्ड

नेपाल पत्रकार महासंघको 'नयाँ सदस्यता र सदस्य नवीकरण सम्बन्धमा शुद्धीकरण मापदण्ड'

सुर्खेतमा सम्पन्न साधारणसभाबाट गठन भएको महासचिव रोसन पुरी संयोजक र पूर्वमहासचिव उजीर मगर, पूर्वसचिव धर्मेन्द्र कर्ण र रामप्रसाद दाहाल सदस्यरहेको शुद्धीकरण समितिको निर्णयः लुम्बिनीमा सम्पन्न राष्ट्रिय मिडिया सम्मेलनको सुझाव र परासीमा सम्पन्न केन्द्रीय समिति बैठकको निर्णयअनुसार अन्तिमरुप दिइएको नेपाल पत्रकार महासंघको सदस्यता शुद्धीकरण मापदण्ड पूर्णरुपमा कार्यान्वयन गरौँ ।

१. वैशाख २५ गतेसम्म केन्द्रीय समितिले सबै सदस्यको विवरण आफ्नो वेबसाइट, फेसबुक पेज, ट्विटरलगायतबाट सार्वजनिक गर्ने, प्रदेश समितिले मातहतका सदस्यको नाम आफ्नो वेभसाइट तथा सामाजिक सञ्जालमार्फत् सार्वजनिक गर्ने, शाखा समिति तथा एसोसिएट संस्थाले वेभसाइट वा आफ्नो सामाजिक सञ्जालमार्फत् सदस्यता विवरण सार्वजनिक गर्ने । शुद्धीकरणका लागि प्रदेश समितिले महासचिव अनिवार्य रहेको समिति तत्काल गठन गरेर सम्पर्क नम्बरसहितको विवरण केन्द्रीय समितिलाई उपलब्ध गराउने । शाखा समितिले पनि आवश्यक समिति निर्माण गर्न सक्नेछन् ।

२. सार्वजनिक भएका साधारण सदस्यले कुन सञ्चारमाध्यममा र कहिलेदेखि (विगतमा काम गरेको र अहिले काम गरिरहेको संस्थाको नामसमेत) काम गरिरहेको भन्ने विवरण शाखा समितिले जेठ २५ गतेसम्म प्रदेश समितिमा पठाउने र प्रदेश समितिले उपलब्ध विवरण अध्यावधिक गरेर जेठ ३० गतेसम्म केन्द्रीय कार्यालयमा पठाउने ।

नवीकरणका हकमा महासंघको विधानको दफा ५ को उप-दफा (६) अनुसार व्यक्तिगत विवरण एक पटकका लागि (काम गरिरहेको विवरण खुल्ने कागजातहरु जस्तै, नियुक्तिपत्र वा परिचयपत्र वा संस्थागत कर्मचारी विवरणसहितका कागजात) शाखामा अनिवार्य उपलब्ध गराउने । त्यसरी प्राप्त फोटोसहितको पूर्ण डिजिटल विवरण (आवश्यक कागजातसहित) शाखाले एक-एक प्रति प्रदेश र केन्द्रीय कार्यालयलाई उपलब्ध गराउने ।

३. उपलब्ध नाम तथा काममा चित्त नबुझेमा उजुरी गर्नका लागि असार १० गतेसम्मको समय निर्धारण गरिएको छ । प्राप्त उजुरी उपर प्रदेश समितिले बनाएको समितिलेआवश्यक छानवीन गरेर केन्द्रीय कार्यालयलाई असार २५ गतेसम्म जानकारी गराउने । केन्द्रमा प्राप्त सबै नाममध्ये विवादित नामका सन्दर्भमा शुद्धीकरण समितिको कार्यविधिअनुसार तत्काल टुंगो लगाउने ।



४.नयाँ सदस्यको हकमा हरेक शाखा समितिले जेठ १० गतेसम्म आवेदन लिने, आवेदनका क्रममा कहिलेदेखि कुन मिडियामा काम गरेको भन्ने प्रष्ट खुल्ने कागजात संकलन गर्ने र विधानको व्यवस्थाको पूर्ण कार्यान्वयन गरेर व्यक्तिगत फाइल नै खडा गर्ने । नयाँ सदस्यताको आवेदन उपर शाखा समितिले निर्णय लिएर प्रदेश समितिमा सिफारिस गर्ने तथा प्रदेश समितिले उक्त नामका सन्दर्भमा विवरणसहित सार्वजनिक गर्ने र जेठ २५ गतेसम्म उजुरी आव्हान गर्ने । प्रदेश समितिले असार १ गतेसम्म नयाँ सदस्यता स्वीकृति गरी अभिलेखका लागि केन्द्रीय कार्यालयलाई सिफारिस गर्ने ।

५. सदस्य नवीकरण र नयाँ सदस्यता सिफारिसका सन्दर्भमा शाखा समितिले सर्वसम्मत सिफारिस गरेका हकमा प्रदेश समितिले यहीँ मापदण्डका आधारमा निर्णय गरेर केन्द्रीय कार्यलयमा अभिलेखिकरणका लागि पठाउने । शाखाको कार्यसमितिमा विवाद भएको वा सर्वसम्मत नभएकाको वा उजुरी परेकाको हकमा प्रदेश समितिले उत्पन्न विवाद यही मापदण्डका आधारमा टुंगो लगाउने । तर, त्यसरी प्रदेश समितिमा पनि सर्वसम्मतरुपमा निर्णय हुन नसकेकाको हकमा भने शुद्धीकरण समितिले आफ्नो कार्यविधिअनुसार अन्तिम टुंगो लगाउने ।

६. प्रतिष्ठान प्रदेश अन्तरगतका शाखामा विधानअनुसारको संख्या नपुगेमा शाखा मर्जर गर्ने वा सदस्यलाई आफू खुसी जान चाहेको शाखामा स्थानान्त्रणका लागि समय दिने वा खारेजीका लागि प्रदेश समितिले केन्द्रमा सिफारिस गर्ने र शुद्धीकरण समितिले सो सिफारिस र विधानको व्यवस्थाअनुसार शाखा कायम राख्न संख्या नपुगेकाको हकमा आवश्यक निर्णय लिने ।

७. विधानको दफा ५(६) मा सदस्यता नवीकरणका लागि पत्रकारितामा निरन्तर संलग्न रहेको प्रमाण पेश गर्नु पर्ने प्रावधान रहेकाले सदस्य नवीकरण गर्दा पत्रकारिता क्षेत्रमा ३ वर्ष वा त्योभन्दा धेरै समयदेखि क्रियाशील नभएका व्यक्तिहरूलाई स-सम्मान बिदाई गर्ने र आवश्यक परेको अवस्थामा मानार्थ सदस्यतामा रूपान्तरण गर्न शाखा समितिले आवश्यक निर्णय लिने । उक्त निर्णयलाई प्रदेश समितिले अनुमोदन गरेर केन्द्रीय समितिमा पठाउने ।

८. विधानको दफा ३२ (२) मा महासंघका केन्द्रीय समिति, प्रदेश समिति वा शाखा समितिका पदाधिकारी तथा सदस्यले सो पदमा बहाल रहेसम्म कुनै राजनीतिक दल वा भ्रातृ संगठनको कुनै पनि तहको विभाग वा समितिमा रही काम गर्न नपाउने व्यवस्था गरिएकाले महासंघका केन्द्रीय समिति, प्रदेश समिति र शाखा समितिका पदाधिकारी तथा सदस्यहरु राजनीतिक दल वा भ्रातृ संगठनको कुनै पनि तहको विभाग वा समितिमा रही काम गरेको पाइएमा सदस्यता नवीकरण नगर्ने । राजनीतिक दलका केन्द्र, प्रदेश, जिल्ला र गाउँपालिका स्तरसम्मका सबै समितिका पदाधिकारीलाई सदस्यता पनि नदिने र नवीकरण पनि नगर्ने । प्रेस हेर्ने विभाग वा प्रेस सम्बद्ध संघसंस्थाका हकमा भने यो व्यवस्था लागू हुने छैन ।

९. मिडिया हाउसको व्यवस्थापक, बजार प्रतिनिधि, प्रशासनमा काम गर्नेहरुको हकमा सदस्यता नवीकरण नगर्ने र नयाँ सदस्यता पनि नदिने नीति पूर्णरुपमा लागू गर्ने ।

१०.जनप्रतिनिधि, निजामती स्थायी कर्मचारी (सेना, निजामति, प्रहरी, गुप्तचर, सुरक्षाकर्मीसमेत), अस्थायी, करार, सेवा आयोगहरु मार्फतका सरकारी कर्मचारी, मिडिया संस्थानबाहेकका संस्थानमा कार्यरत कर्मचारी, सरकारी कार्यालयमा करार कर्मचारीको हकमा नयाँ सदस्यता पनि नदिने र सदस्य कायम रहेको अवस्थामा नवीकरण नगर्ने । सरकारी तथा गैरसरकारी क्षेत्र, बित्तिय (सहकारी, बैंक, फाइनान्स) मा पूर्णकालीन जुनसुकै पेशामा आवद्ध भएको वा मुख्य पेशा, व्यवसाय अन्य बनाएर कहिले काहीँमात्रै पत्रकारिता गर्नेको हकमा पनि नयाँ सदस्यता प्रदान नगर्ने तथा नवीकरण नगर्ने ।

११.एसोसिएट संस्थाको हकमा जेठ मसान्तसम्म संस्था दर्ता, नवीकरणलगायतका अध्यावधिक विवरण (गत असार मसान्तसम्मको) प्रदेश समिति र केन्द्रीय कार्यालयमा उपलब्ध गराउने । संस्था दर्ता तथा नवीकरणलगायतका कागजात अद्यावधिक नगर्ने संस्थालाई विधानको दफा ५ अनुसार आवद्धता सदस्यता प्रदान नगर्ने र साधारण सदस्यताका सम्बन्धमा शुद्धीकरण समितिले एसोसिएट प्रदेशको समन्वयमा आफ्नो मापदण्डमा रहेर आवश्यक निर्णय लिने । एसोसिएट संस्थाले महासंघको सदस्यता कायम गर्नका लागि महासंघको विधानअनुसारका योग्यता पुगेका व्यक्तिलाई मात्रै सदस्यता दिने व्यवस्था मिलाउने ।

१२. केन्द्रीय साधारणसभाको अधिकारसहित म्याण्डेट, लुम्बिनीमा सम्पन्न राष्ट्रिय मिडिया सम्मेलनअनुसार साउन १ गतेसम्म शुद्धीकरण समितिले दिएको प्रतिवेदन अनुसार केन्द्रीय समितिले सदस्यता सम्बन्धि विवरणलाई सूचीकरण गर्ने । विधानको दफा ५ को उप-दफा (८) अनुसार साउन १ गतेसम्म कायम सदस्यले मात्रै आउँदो महासंघको चुनावमा मतदानमा भाग लिन पाउने व्यवस्था मिलाउने ।

१३. विभिन्न पेशा व्यवसायमा आवद्ध भएर पनि पत्रकारिता क्षेत्रमा आंशिक क्रियाशील भएका व्यक्तिलाई स्वघोषणा गरेर सक्रिय सदस्यता त्याग्नका लागि शाखा समितिले सुरुवातमै आव्हान गर्ने । त्यसरी सदस्यता त्याग गरेको लिखित जानकारी गराउने सदस्यलाई सम्मानसहित शाखाले विदाइ गर्ने र आवश्यकताका आधारमा मानार्थ सदस्यता प्रदान गर्ने ।

१४. पत्रकारिताबाहेकको अन्य कामका लागि विदेश गएका महासंघका सदस्यको हकमा ६ महिना भन्दा धेरै समय विदेशमा रहेको अवस्थामा सदस्यता निलम्वन गर्ने प्रावधानलाई लागू गरिनेछ ।

तर, वैदेशिक शाखा नियमावलीअनुसार महासंघका वैदेशिक शाखा र आवद्ध संस्थामा सदस्यता सार्नसक्ने प्रबन्ध मिलाउने । त्यसैगरी सदस्यता स्थानान्तरण गर्दा महासंघका अन्य सदस्य समान पत्रकारिताको क्रियाशीलताको प्रमाण पेश गर्नुपर्नेछ । नयाँ सदस्यताको हकमा विधानअनुसारको मापदण्ड लागू हुने । १५. महासंघको यो शुद्धीकरण अभियानलाई कार्यान्वयन गर्ने कम्तिमा १० वटा शाखा र उत्कृष्ट प्रदेश समितिलाई केन्द्रीय महाधिवेशनमा सम्मान गरिनेछ । तोकिएको समायावधिभित्र तोकिएका समितिहरुले काम सम्पन्न नगरेमा शुद्धीकरण समितिले आफ्नो कार्यविधिमा रहेर काम टुंगो लगाउने ।

# जिया खान आत्महत्या प्रकरण : सुरज पञ्चोलीले पाए सफाइ



**एजेन्सी।** बलिउड अभिनेत्री जिया खानको आत्महत्या प्रकरणमा भारतको केन्द्रीय अनुसन्धान ब्युरो (सीबीआई)को विशेष अदालतले शुक्रबार अभिनेता तथा प्रेमी सुरज पञ्चोलीलाई सफाइ दिएको छ।

फैसला सुनाउने समयमा सुरज अदालतमा उपस्थित थिए । अदालतले फैसलामा भनेको छ, 'तपाईंविरुद्धको प्रमाण पर्याप्त छैन, त्यसैले सफाइ दिइन्छ ।' सुरजमाथि अभिनेत्रीलाई आत्महत्या गर्न उक्साएको आरोप लागेको थियो।

जियाले ३ जुन २०१३ मा मुम्बईस्थित फ्ल्याटमा आत्महत्या गरेकी थिइन् । घटनाको १० वर्षपछि अदालतले यस मुद्दामा फैसला सुनाएको हो । जियाकी आमाको उजुरीमा पञ्चोली पक्राउ परेका थिए । उनलाई पछि जमानत दिइएको थियो। जियाको घरबाट प्रहरीले ६ पृष्ठको सुसाइड नोट प्राप्त गरेको थियो। जसका अनुसार जिया सुरजसँगको सम्बन्धको कारण निकै दुःखी थिइन् । यसपछि जियाकी आमा राबिया खानले सुरजविरुद्ध मुद्दा दायर गरिन्।

सुरज अभिनेता आदित्य पञ्चोली र जरिना वहाबका छोरा हुन्।

सुरजकी आमा तथा अभिनेत्री जरिना वहाबले भनिन्, 'म छोरासँग अदालतमा उपस्थित हुनेछु। यी १० वर्ष मेरो छोराको लागि नर्कजस्तै थिए। जब उसले मलाई हेर्छ, म उसको पीडा महसुस गर्छु। मलाई थाहा छ उनी निर्दोष छन्, तर म केही गर्न सक्दिनँ । मलाई अझै पनि भगवानप्रति भरोसा छ ।' जिया खानले आफ्नो डेब्यु फिल्ममा अमिताभ बच्चनसँग काम गरेकी थिइन् । रामगोपाल बर्माको निर्देशनमा बनेको यो फिल्मको नाम 'निःशब्द' थियो । त्यसपछि उनले आमिर खानको ब्लकबस्टर फिल्म 'गजनी'मा काम गरिन्। उनको अन्तिम फिल्म अक्षय कुमार स्टारर 'हाउसफुल' थियो । गजनी र हाउसफुल दुवै फिल्मले १०० करोडभन्दा बढीको कमाइ गरेका थिए।

# हट्यो फिल्म निर्देशक जाफर पनाहीको यात्रा प्रतिबन्ध



**एजेन्सीं ।** इरान सरकारले १४ वर्षपछि विश्वचर्चित फिल्म निर्देशक जाफर पनाहीको यात्रा प्रतिबन्ध हटाएको छ । यो निर्णयसँगै पनाही र उनकी पत्नी ताहेरेह सईदीलाई इरान छाड्न अनुमति मिलेको छ । भेराइटी म्यागजिनले यो खबरको पुष्टि गरेको छ।

सईदीले मंगलबार राति इन्स्टाग्राममा एक तस्वीर पोस्ट गरेकी छन्, जसमा उनी आफ्ना श्रीमानसँग कुनै एयरपोर्टमा हिंडिरहेको देख्न सकिन्छ । क्याप्सनमा लेखिएको छ, '१४ वर्षपछि जाफरको प्रतिबन्ध खारेज भयो, अन्ततः हामी केही दिन सँगै यात्रा गर्न जाँदैछौं।'

इरानको न्यायपालिकाले आफूविरुद्ध 'गैरकानुनी र अमानवीय व्यवहार' गरेको भन्दै भोक हड्ताल गरेपछि ६२ वर्षीय फिल्ममेकर पनाहीलाई जेलबाट धरौटीमा रिहा गरिएको थियो । उनलाई गत जुलाईमा राजधानी तेहरानमा देशको रूढिवादी सरकारविरुद्ध प्रदर्शन गरेको भन्दै पक्राउ गरिएको थियो।

पनाही जेलमा राखिएका अर्का फिल्म निर्माता मोहम्मद रसौलोभको अवस्था बुझ्न न्यायाधिवक्ताको कार्यालय जाँदा पक्राउ परेका थिए । मोहम्मद चाहिं त्यसको केही दिनअघि प्रहरी हिंसाविरुद्धको अपीलमा हस्ताक्षर गरेपछि जेल परेका थिए । पनाहीलाई त्यहीं पक्राउ गरेर हिरासतमा राखिएको थियो।

पनाहीलाई इरानी फिल्म उद्योगकै सबैभन्दा महान् व्यक्ति मानिन्छ। उनी 'द सर्कल, अफसाइड, दिस नट अ फिल्म, ट्याक्सी र हालैको नो बियर्ससहित गत वर्ष भेनिसको विशेष जुरी पुरस्कारका विजेता जस्ता कार्यको लागि विश्वव्यापी रूपमा चिनिन्छन्।

इरानले पनाहीको यात्रा प्रतिबन्ध हटाउनुलाई गत सेप्टेम्बरमा २२ वर्षीया महसा अमिनीको मृत्युपछि बढेको तनावलाई मत्थर पार्ने कदमको रुपमा हेरिएको छ।

# प्रियंका चोपडा स्टारर जासुस थ्रिलर 'सिटाडेल'को समीक्षा



**एजेन्सीं ।** जासूसको कथामा आधारित प्रियंका चोपडा र रिचर्ड म्याडन स्टारर प्रतीक्षित सिरिज 'सिटाडेल' शुक्रबारदेखि अमेजन प्राइममा रिलिज भएको छ। २५० मिलियन डलरको बजेटमा बनेको यो सिरिजलाई अहिलेसम्मकै महंगो बताइएको छ । रिलिज भएसँगै अन्तर्राष्ट्रिय सञ्चारमाध्यमले समीक्षा पनि सार्वजनिक गर्न थालेका छन्।

समग्रमा यो सिरिजले औसत समीक्षा प्राप्त गरेको छ। हलिउड रिपोर्टर म्यागजिनले यसलाई सुखद समीक्षा दिएको छ । म्यागजिनका समीक्षक डेनियल फेइनबर्ग लेख्छन्, 'न त भ्रूर न त गेम चेन्जर।' शुद्ध मनोरञ्जनका लागि दर्शकले हेर्न सक्ने भन्दै उनले चोपडा र म्याडेनको कमेस्ट्रीको प्रशंसा गरेका छन्।

बलिउड हंगामाले 'पैसा असुल र मनोरञ्जक' भन्दै यसलाई प्रशंसा गरेको छ। 'यो एपिसोडले दर्शकलाई आगामी एपिसोडलाई धैर्य गर्न प्रेरित गर्नेछ । सिटाडेल सबै समयको वेब श्रृंखलामध्ये एकको रुपमा उभिन सक्छ,' यो बलिउड पोर्टलले लेखेको छ।

हिन्दुस्तान टाइम्सले लेखेको छ, 'प्रियंका चोपडाको यो सिरिज निकै महंगो छ तर औसत भन्न सकिन्छ । यसका सम्पूर्ण ब्रह्माण्ड निर्माणको औचित्य प्रमाणित गर्न पर्याप्त आकर्षक छैन।' यो अखबारले सिटाडेलबारे केही आलोचनात्मक समीक्षा दिएको छ । जासूसीको बासी कथामा यसअघि धेरै सिरिज हेरिएको यसको टिप्पणी छ।

साढे तीन रेटिङ दिंदै कोइमोइले प्रियंका र रुसो ब्रदर्सको यो सिरिजले विश्वलाई हेर्ने ढोका खोल्ने टिप्पणी गरेको छ । 'सिटाडेल एक विश्वस्तरको फ्रेन्चाइजी हो र यसले विश्वव्यापी दर्शकलाई आमन्त्रित गर्दछ । यो अझै पनि समावेशीकरण र विविधतातर्फको ठूलो कदम हो। जसलाई हामी प्रशंसा गर्नुपर्छ,' कोइमोइले लेखेको छ। चार रेटिङ दिंदै गार्जियनले यसलाई दर्शनीय भनेको छ। समग्रमा यो सिरिजलाई लिएर मिश्रित समीक्षा प्राप्त भएको छ। दर्शकले अमेजन प्राइममा यसलाई हेर्न सक्नेछन्।

# गीत चोरी मुद्दामा गायक एड शीरन अदालतमा



**एजेन्सीं ।** बेलायती गायक एड शीरन आफूविरुद्ध दायर प्रतिलिपि अधिकारको मुद्दामा बयान दिन न्युयोर्क सहरको अदालतमा उपस्थित भएका छन् । उनको चर्चित गीत 'थिंकिङ आउट लाउड' मार्विन गेको गीत 'लेट्स गेट इट अन'को नक्कल रहेको भन्दै अदालतमा मुद्दा दायर भएको थियो।

गेको सन् १९७३ को हिट गीत 'लेट्स गेट इट अन'का सहलेखकको परिवारको प्रतिनिधित्व गर्ने वकिल बेन क्रम्पले अदालतमा दिइएको प्रारम्भिक बयानमा गायक शीरनले एक कन्सर्टको क्रममा आफ्नो ब्यालेड र गेको गीत ब्याक-टु-ब्याक बजाएको बताएका छन्।

मुद्दाको प्रारम्भिक सुनुवाइमा गेका वकिलले शीरनले उक्त कन्सर्टमा 'स्मोकिङ गन' बोलबाट उक्त गीत गाएका थिए। यदि शीरनले उक्त गीतको चोरी गरेको भए उनलाई मूर्ख भन्न सकिने तर्क वकिलले गरेका थिए। तर गायक शीरनले गीतका शब्दहरु आफैंले लेखेका बताएका छन् । शीरन आफूले कहिलेकाहीं आफ्नो प्रस्तुतिमा उस्तै खालका कर्ड प्रयोग गर्छन्, जसले गर्दा अर्को गीतसँग मिल्दोजुल्दो देखिन्छ । 'मलाई लाग्छ कि तपाईं म जवाफ दिन चाहनुहुन्न, किनकि तपाईंलाई थाहा छ कि म के भन्न गइरहेको छु त्यो वास्तवमा धेरै अर्थपूर्ण छ,' उनले भने। 'तपाईंले मलाई जे आरोप लगाइरहनुभएको छ यदि मैले गरेको भए, म २० हजार मानिसको अगाडि स्टेजमा उभिएर त्यसो गर्न एकदमै मूर्ख हुने थिएँ,' उनले भने । मंगलबार सुनुवाइ सुरु भएपछि अमेरिकी जिल्ला न्यायाधीश लुइस स्ट्यान्टनले सात सदस्यीय निर्णायक मण्डललाई अदालतमै गीत बजाउन आदेश दिएका थिए । यो अदालती सुनुवाइ कम्तीमा एक हप्ता चल्ने अपेक्षा गरिएको छ। यदि जुरीले पपस्टारलाई प्रतिलिपि अधिकार उल्लंघनको लागि उत्तरदायी पाए भने उनले कति ऋण तिर्नुपर्छ भनेर निर्धारण गर्न परीक्षण दोस्रो चरणमा प्रवेश गर्नेछ । गायक शीरनले उत्तर अमेरिकाको भ्रमण र नयाँ एल्बम रिलिज गर्ने तयारी गर्दा अदालतमा मुद्दा दायर भएको हो।




# 'अन्तिम संस्कार' असार ८ गते प्रदर्शन




**काठमाडौं।** दीया पुन र विजय लामाको शीर्ष भूमिका रहेको फिल्म 'अन्तिम संस्कार' आगामी असार ८ गते प्रदर्शन हुने भएको छ।

शुक्रबार आधिकारिक पोस्टर सार्वजनिक गर्दै निर्माताले रिलिज मिति घोषणा गरेका हुन्। पोस्टरमा फिल्मका शीर्ष पात्रहरुलाई समेटिएको छ। दीया र विजयसहित रेश्मा घिमिरे, एवनराज उप्रेती लगायत पोस्टरमा चित्रित छन्। अभिनेता लामाले यो फिल्मको कथावस्तु नितान्त नयाँ रहेको बताए। निर्माता, निर्देशक र अभिनेताले समेत जोखिम मोलेर काम गरेको अनुभव उनले सुनाए।

नेपालमा विदेशी फिल्मको वितरण गर्दै आएको कम्पनी एप्पल इन्टरटेनमेन्टले यो फिल्मलाई देशव्यापी वितरण गर्न लागेको हो । एप्पलकी जेनिश पहारीले फिल्मको स्टोरीलाइन रोचक रहेको बताइन्। यो फिल्म सामाजिक तथा सांस्कृतिक कथावस्तुमा निर्माण भएको हो। एक हत्या घटनाको रहस्यको वरपर कथा बुनिएको छ।

# कलाकारिताबाट जीवनयापन गर्ने वातावरण सरकार बनाउँदै

**काठमाडौं।** कलाकारिता गरेर नै राम्रो जीवनयापन गर्न सक्ने वातावरण बनाउनमा सरकार जुटेको उपप्रधान तथा गृहमन्त्री नारायणकाजी श्रेष्ठले बताएका छन् । शुक्रबार काठमाडौंमा आयोजित कार्यक्रममा उनले कलाकार र सर्जकलाई आफ्नो पेशा गरेर नै स्तरीय जीवनयापन गर्न सक्ने वातावरण सरकारले बनाउने बताए।

मन्त्री श्रेष्ठले संगीत सबै कोणबाट मानवीय जीवन र मानव समाजको लागि महत्वपूर्ण रहेको धारणा राखे। 'मान्छेको जीवनको लागि संगीत र कला अनिवार्य अंग हो । यो समाजको विकास र सभ्यता कहाँ पुगेको छ, भन्नेकुरा कला, संगीत, संस्कृतिको क्षेत्र कहाँ पुगेको छ भन्ने आधारमा मापन गर्न सकिन्छ,' उनले भने, 'कला, संगीतले समाजको यथार्थलाई सकारात्मक ढंगले अभिव्यक्त गर्छ।'

कलाले एकपछि अर्को पुस्ताको बहाकको काम गर्ने भन्दै मन्त्री श्रेष्ठले संगीत, कला क्षेत्रले आफ्नो राष्ट्रको गौरवलाई प्रवर्द्धन गर्न ठूलो योगदान दिन बताए।

# 'द फ्ल्यास'को ट्रेलर सार्वजनिक



**एजेन्सी ।** आगामी असार १ गते नेपालमा समेत प्रदर्शनको तयारीमा रहेको हलिउड सुपरहिरो फिल्म 'द फ्ल्यास'को प्रतीक्षित ट्रेलर सार्वजनिक भएको छ । विश्व फिल्मको महाकुम्भ मानिने अमेरिकाको सिनेमाकनमा गएराति सार्वजनिक गरिएको यो ट्रेलरलाई कतिपयले अहिलेसम्मकै उत्कृष्ट सुपरहिरो फिल्मको संज्ञा दिएका छन्।

डीसी युनिभर्सको पात्रमा आधारित वार्नर ब्रोज स्टुडियोको यो फिल्मको ट्रेलरलाई डिस्कभरीका सीईओ डेभिड जेस्लभले अहिलेसम्मै उत्कृष्ट सुपरहिरो फिल्मको ट्रेलर बनाएको हलिउड रिपोर्टर म्यागजिनले उल्लेख गरेको छ। यो ट्रेलर आफूले तीनपटक हेरेको उनले उल्लेख गरेका छन्।

शीर्षपात्र ब्यारी एलेनको भूमिकामा अभिनेता मिलर स्टार्सले चरित्र चित्रण गरेका छन् । माइकल किटन र बेन एफलेकले पनि ब्याटम्यानका विभिन्न चरित्रमा अभिनय गरेका छन्। लस भेगासमा आयोजित सिनेमाकन समारोहमा वार्नर ब्रोजले सन् २०२३ का फिल्मको सूची सार्वजनिक गरेको छ।

उक्त समारोहमा ओफ्रा विन्फ्रे एण्ड कलर पर्पल, बार्बी, ड्युन २, द फ्ल्यास, आक्वाम्यान २ र ओन्का लगायतका बहुप्रतीक्षित हलिउड फिल्मको ट्रेलर सार्वजनिक गरिएको छ । तर फ्ल्यासबाहेक इन्टरनेटमा अन्य फिल्मको ट्रेलर सार्वजनिक भइसकेको छैन।

# सुडानमा युद्धविराम अवधि लम्बियो तर संघर्ष रोकिएन

**खार्तुम ।** सुडानमा युद्धविरामको अवधि लम्बिएको भए पनि सङ्घर्ष रोकिएको छैन । सुडानी सशस्त्र बल (एसएएफ) र विपक्षी र्‍यापिड सपोर्ट फोर्सेस (एसआरएफ) अर्को ७२ घण्टा युद्धविराम गर्न सहमति भए पनि राजधानी खार्तुम र डार्फरमा हवाई हमलाका साथै लुटपाट जारी छ ।



साउदी अरब र अमेरिकाको दबाबमा द्वन्द्वरत दुवै पक्षले युद्धविराम गर्न सहमति जनाए पनि युद्ध भड्केकामा अन्तरराष्ट्रिय समुदायले चिन्ता व्यक्त गरेको छ । उक्त समुदायले युद्ध बन्द गर्ने सहमति पूर्णरुपमा कार्यान्वयन हुनुपर्नेमा जोड दिएको छ । अफ्रिकी सङ्घ, संयुक्त राष्ट्रसङ्घ, साउदी अरब, संयुक्त अरब इमिरेट्स, बेलायत र अमेरिकाले एक संयुक्त वक्तव्य निकालेर युद्धविराम गर्न सहमति जनाएकामा त्यसको स्वागत गरेका छन् । उनीहरूले शत्रुतापूर्ण गतिविधि सदाका निम्ति अन्त्य गर्न वार्ता र मानवीय सहायता सुनिश्चित गर्नेतर्फ द्वन्द्वरत पक्ष प्रतिबद्ध हुनुपर्नेमा जोड दिएका छन् ।

पश्चिमी डार्फुरमा भड्किएको युद्धका कारण कुपोषणको शिकार भएका करिब पचार हजार बालबालिकालाई खाद्य सहायता उपलब्ध गराउन नसकिएको राष्ट्रसङ्घीय खाद्य कार्यक्रमले जनाएको छ । सहायता निकायहरूका अनुसार हिंसाका कारण घरभित्रै फसेका धेरै सुडानी खाना, पानी, इन्धन र बिजुलीको अभावमा छटपटाइ रहेका छन् । केही भने ज्यान जोखिममा पारेर सुडानबाट पलायन भएका छन् । चौध दिनअघि युद्ध शुरुभएपछि सुडानबाट १४ हजार नागरिक सुरक्षाको खोजीमा देशबाट पलायन भएका इजिप्टका अधिकारीले बताएका छन् ।

पचास देशका दुई हजार विदेशीले पनि सुडान छाडेका छन् । बीस हजार सुडानी चाड पुगेका छन्भने चार हजार दक्षिण सुडानमा शरणार्थी भएका छन् तीन हजार पाँच सय जना इथियोपिया पुगेका तथा तीन हजारको हाराहारीमा अन्यत्र पलायन भएका राष्ट्रसङ्घीय निकायले जनाएका छन् । युद्ध जारी रहेमा थप दुई लाख ७० हजार सुडानी मुलुकबाट विस्थापित हुने चेतावनी पनि राष्ट्रसङ्घीय निकायहरूले दिएका छन् ।

# नेपालले भारतलाई ९ विकेटले हरायो



**काठमाडौं ।** नेपाल र भारतबीच दृष्टिविहीन महिला टी-२० क्रिकेट सिरिजको तेस्रो खेलमा विनिता पुनले सानदार शतक प्रहार गरेपछि नेपालले भारतलाई ९ विकेटले पराजित गरेको छ । काठमाडौंको मूलपानी क्रिकेट मैदानमा नेपालले टस जितेर फिल्डिङ रोजेपछि पहिले ब्याटिङ गरेको भारतले ५ विकेट गुमाएर २१३ रन बनाएको थियो । जवाफमा विनिताले अविजित १२६ रन बनाएपछि नेपालले २० ओभरमा १ विकेट गुमाएर २१७ रन बनाउँदै लक्ष्य पूरा गरेको हो । ओपनर विनिताले ६७ बल खेल्दै १९ चौका प्रहार गरिन् । विनिताले पहिलो खेलमा पनि शतक प्रहार गरेकी थिइन् । यस्तै अर्की ओपनर मनकेशी चौधरीले ५६ बलमा ३ चौका प्रहार गर्दै ६५ रन बनाइन् । मुना अर्याल ४ रनमा अविजित रहिन् । त्यसअघि भारतका कप्तान सुस्मा पटेल र सिमु दासले उत्कृष्ट ब्याटिङ गरेका थिए । कप्तान सुस्माले ५१ बलमा ५ चौका प्रहार गर्दै अविजित ६३ रन बनाइन् । यस्तै सिमुले आक्रमक ब्याटिङ गर्दै १८ बलमा ३ चौका मदतमा अविजित ४६ रन बनाइ । गंगाले २४ बलमा ५ चौका प्रहार गरी ३९ रन बनाइन् । बसन्ती हन्स्दाले २३ रन बनाइन् । नेपालकी निशा चौधरीले १ विकेट लिँदा भारतका चार खेलाडी रनआउट भए । जितपछि नेपालले पाँच खेलको सिरिजमा २-१ को अग्रता लिएका छन् । यसअघि पोखरामा भएको दुई खेलमा दुवै टोलीले एक एक खेल जितेका थिए ।

# बालिकाले गरिन् तीन पुस्तकालय स्थापना



**हैदराबाद ।** एघार वर्षीया आकर्षणा सतिसले हैदराबादमा तीन वटा बाल पुस्तकालय स्थापना गरेकी छन् ।

आफ्ना छिमेकी, सहपाठी र परिवारका सदस्यहरूबाट चार हजार आठ सय ३४ वटा पुस्तक सङ्कलन गरेर उनले पुस्तकालय स्थापना गरेकी हुन् ।

एमएनजे बाल क्यान्सर अस्पताललाई एक हजार ३६ वटा, सनतनगर प्रहरी कार्यालयलाई आठ सय २९ र किशोरी बालगृहलाई छ सय २५ पुस्तक प्रदान गरेर उनले पुस्तकालय स्थापना गरेकी हुन् । गत बुधबारदेखि ती पुस्तकालय सञ्चालनमा आएका छन् । प्रान्त सरकारका प्रशासन र प्रहरीका उच्च अधिकारीबाट ती पुस्तकालयको उद्घाटन भएको छ । कोरोना महामारीका बेला आफूले आफन्त, छिमेकी र विद्यालयका सहपाठीबाट पुस्तक सङ्कलन गरेको आकर्षणाले बताएकी छन् । उनले स्थापना गरेका पुस्तकालयमा अधिकांश तेलगु भाषाका पुस्तक छन्भने अङ्ग्रेजी र हिन्दीका पुस्तक पनि त्यहाँ राखिएका छन् । आफ्ना पिताजीको प्रेरणाबाट आफूले पुस्तकालय स्थापना गरेको उनले एएनआईलाई बताइन् । खाजाखर्च जोगाएर उनले स्यानेटरी प्याड पनि कन्या सुधार गृहलाई प्रदान गरेकी छन् ।

पुस्तकालय नभएका स्थानमा पुस्तक दान गरेर पुस्तकालय स्थापना गरेकी आकर्षणाप्रति भारतीय प्रहरी सेवाकी शिखा गोले आभार व्यक्त गरेकी छन् । कन्या बाल सुधारगृहमा पुस्तकालयको उद्घाटनपछि उनले भनिन् ।

# डुङ्गा डुब्दा एघार जनाको मृत्यु

**पेकनबारु ।** इण्डोनेसियाको पश्चिमी प्रान्त यात्रुबाहक एउटा डुङ्गा डुब्दा एघार जनाको मृत्युभएको छ भने ६२ जनालाई जीवितै उद्धार गरिएको छ ।

रिऔ प्रान्तको तटीय क्षेत्रमा बिहीबार अपराह्न भएको उक्त दुर्घटनामा बालबालिका र महिलाले ज्यान गुमाएका उद्धारमा संलग्न अधिकारीहरूले बताएका छन् । चौहत्तर जना यात्री सवार उक्त ड्ङ्गाका ६२ जनालाई जीवितै उद्धार गरिएको, एघार जनाको शव फेला परेको र हराइरहेका एक जनाको खोजी भइरहेको स्थानीय उद्धार अधिकारी कुक्व विडोडोले बताएका छन् ।

सुरक्षा अधिकारीहरू दुर्घटनाको कारण पत्ता लगाउन अनुसन्धानमा जुटेका छन् । उद्धारमा संलग्न अधिकारीहरूका अनुसार दुर्घटनाग्रस्त उक्त डुङ्गामा ७४ जनाभन्दा बढी यात्री रहेका अनुमान गरिएको छ । यात्री सूचीमा उल्लेख भएभन्दा अधिक मानिसलाई यात्रामा सामेल गराउनु इण्डोनेसियामा सामान्य भएकाले मृतक र बेपात्ता यात्रीको संख्या बढ्नसक्ने अधिकारीहरूले बताएका हुन् । करिब १७ हजार टापु भएको इण्डोनेसियामा सुरक्षाका पर्याप्त उपाय नअपनाउँदा समुद्री दुर्घटना नियमित रुपमा हुने गरेका छन् । सन् २०१८ मा सुमात्रा टापुमा पानी जहाज डुब्दा एक सय ५० जनाको मृत्यु भएको थियो ।

# सात हजार बढी कोरोना सङ्क्रमित

**नयाँदिल्ली ।** गत बुधबारदेखि भारतमा कोराना सङ्क्रमितको संख्या घट्दै गएको छभने यसबाट स्वास्थ्यलाभ गर्नेको संख्या बढ्दै गएको छ । बितेका २४ घण्टामा सात हजार पाँच सय ३३ जनामा कोभिड-१९ सङ्क्रमण पत्ता लागेको तथा ११ हजार ४७ जनाले कोरोनालाई परास्त गरेका केन्द्रीय स्वास्थ्य तथा परिवार कल्याण मन्त्रालयले शुक्रवार जनाएको छ ।



दुई लाख आठ हजार एक सय १२ जनाको स्वाब परीक्षण गर्दा सात हजार पाँच सय ३३ जनामा सङ्क्रमण पत्ता लागेका हो । अघिल्लो साता भारतमा कोरोना महामारी मत्थर भएयता सबैभन्दा धेरै बिरामी फेलापरेपछि केन्द्र सरकारले परीक्षणलाई तीव्र गतिमा अघि बढाउनका साथै खोप अभियानलाई पनि उच्च प्राथमिकता दिँदै आएको छ ।

हाल भारतमा कोरोनाबाट सक्रिय रूपमा सङ्क्रमित बिरामी ०.१२ प्रतिशत रहेका उक्त मन्त्रालयले जनाएको छ । चार करोड ४३ लाख ४७ हजार २४ जना रोगमुक्त भएका छन् । विश्वव्यापी कोरोना महामारी शुरु भएदेखि हालसम्म दुई अर्ब २० करोड ६६ लाख भारतीयले कोरोनाविरुद्ध खोप लगाइसकेका छन् ।

# सेमिफानइनलमा नेपालले कुवेतसँग प्रतिस्पर्धा गर्ने



**काठमाडौं ।** एसिसी मेन्स प्रिमियर कप एक दिवसीय क्रिकेट प्रतियोगिताको सेमिफाइनल खेलमा नेपालले कुवेतको सामना गर्ने भएको छ ।

कीर्तिपुरस्थित त्रिभुवन विश्वविद्यालयको क्रिकेट मैदानमा हुने उक्त प्रतियोगितामा समूह 'ए' को विजेता नेपाल र समूह 'बी' को उपविजेता कुवेतबीच प्रतिस्पर्धा हुनेछ । उक्त खेल आज बिहान ९ बजेदेखि सुरु हुनेछ । नेपाल समूह चरणको अन्तिम खेलमा विहिबार कतारलाई ६८ रनले पराजित गर्दै समूह 'ए' को शीर्ष स्थानमा रही सेमिफाइनलमा पुगेको हो ।

नेपालले समूह चरणको पहिलो खेलमा मलेसियालाई छ विकेटलले पराजित गरेको थियो भने दोस्रो खेलमा ओमानलाई ८४ रनले हराएको थियो । त्यस्तै नेपालले आफ्नो तेस्रो खेलमा साउदी अरेबियासँग वर्षाका कारण प्रभावित भएपछि अङ्क बाँडेको थियो । समूह 'बी' मा रहेको कुवेतले विहिबार भएको समूह चरणको अन्तिम खेलमा हङकङलाई ३० रनले पराजित गर्दै सेमिफाइनल नेपालसँगको भेट पक्का गरेको हो ।

आज नै हुने अर्को सेमिफाइनल खेल मूलपानी क्रिकेट मैदानमा हुनेछ । समूह 'ए' को उपविजेता ओमानले समूह 'बी' को विजेता संयुक्त अरब इमिरेट्स (युएई)सँग प्रतिस्पर्धा गर्नेछ ।

नेपाल र कुवेत तथा ओमान र युएईबीचको विजेता टोलीले फाइनल खेल्नेछन् भने पराजित दुई टोलीले तेस्रो स्थानका लागि प्रतिस्पर्धा गर्नेछन् । फाइनल खेल यही वैशाख १८ गते हुनेछ भने तेस्रो स्थानका लागि यही वैशाख १७ गते खेल हुनेछ ।

# मेयरकप टी-२० को फाइनलमा रुपनी र छिन्नमस्ता




**विनय कर्ण**
**सप्तरी, १५ वैशाख ।**

सप्तरीको हनुमाननगर कंकालिनी नगरपालिकामा संचालित मेयरकप टी-२० त्रिकेट प्रतियोगितामा रुपनी र छिन्नमस्ता गाउँपालिका टिम फाइनलमा प्रवेश गरेको छ ।

शुक्रबार सम्पन्न दुई चरणमा भएको सेमीफाइनल खेलबाट पहिलो सेमीफाइनल खेलमा रुपनी गाउँपालिकाले तिलाठी कोइलाडी गाउँपालिकालाई ६ विकेटले पराजित गर्दै फाइनलमा स्थान पक्का गरेको हो । यस्तै दोस्रो सेमीफाइनल खेलमा खेलको नियम विपरित अनुशासनहिन तथा खेल भावनाविपरित कार्य गरेकाले कञ्चनरुप नगरपालिकाको टिमलाई अयोग्य घोषित गरिएपछि छिन्नमस्ता गाउँपालिका टिम फाइनलमा प्रवेश गरेका छन् ।

पहिलो सेमीफाइनल खेलमा टस हारेर ब्याटिङ्ग थालेको तिलाठी कोइलाडी टिम १६ ओभर १ बलमा मात्र ७३ रन बनाउँदै अल आउट हुन पुगे । रुपनीका सुनिल धमला र राशिद खानको घातक बलिङ्ग अगाडि टिक्न नसक्दा राम्रो शुरुवात गरेपनि तिलाठी कोइलाडी टिमले उच्च स्कोर बनाउन सकेन ।

सुनिलले ४ ओभरमा १ मेडन राख्दै ११ रन खर्चेर ४ विकेट लिए भने राशिदले ४ ओभरमा १ मेडन राख्दै १६ रनमा ३ विकेट लिए । यसैगरी अरनिको यादव र अशोक मेहताले समान १/१ विकेट प्राप्त गरे ।

तिलाठी कोइलाडीका लागि रोविन सिंहले २२, विकास दासले १७ तथा रोहन विकले १२ रनको योगदान गरेका थिए ।

जितको लागि ७४ रनको झिनो लक्ष्य रुपनी टिमले १० ओभर ४ बलमा ४ विकेट गुमाई हासिल गरे । जसमा विकास दासले अविजित ३८ रन र सुनिल धमलाले २४ रनको योगदान गर्दै आफ्नो टिमलाई फाइनलमा पुऱ्याउन सफल भए । तिलाठी कोइलाडीका लागि दिपेश सरदार र विकास दासले समान २/२ विकेट लिए ।

सो खेलमा रुपनी गाउँपालिकाका सुनिल धमला लाई हनुमाननगर कंकालिनी नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत हरिमोहन सुतिहारले म्यान अफ द म्याच प्रदान गरे ।

दोस्रो सेमीफाइनल खेलमा नियम विपरित अनुशासनहिनता तथा खेल भावना विपरित प्रदर्शन गरेपछि कञ्चनरुपको टिमलाई आयोजक समितिले खेल्न अयोग्य घोषित गरेको थियो कञ्चनरुपको टिमलाई अयोग्य घोषित गरेपछि विपक्षी छिन्नमस्ता टिमले फाइनलमा स्थान बनाएको हनुमाननगर कंकालिनी नगरपालिकाका सूचना प्रविधि अधिकृत अमित पाठकले जानकारी दिए । छिन्नमस्ता र रुपनी गाउँपालिकाका टिमबीच शनिवार फाइनल खेल हुने आयोजक हनुमाननगर कंकालिनी नगरपालिकाले जनाएको छ ।

# राजनीतिक अस्थिरताले पाकिस्तानमा अपराध बढायो : आयोग

**इस्लामावाद ।** देशको वर्तमान अवस्थालाई लिएर पाकिस्तानको मानवअधिकार आयोगले चिन्ता व्यक्त गरेको छ । राजनीतिक दलका कार्यकर्तालाई बलपूर्वक बेपत्ता पार्ने तथा उनीहरूमाथिको कारबाहीलाई तीव्र पारिएकामा आयोगले चिन्ता व्यक्त गरेको हो ।



धार्मिक अल्पसङ्ख्यक, तेस्रो लिङ्गी, ईश्वरको अनादर तथा अस्थिरता सृजना हुने उत्तेजक गतिविधिका कारण देशमा हिंसा बढेको बुधबार सार्वजनिक गरिएको आयोगको प्रतिवेदनमा जनाइएको छ । गत वर्षका विवरण समावेश गरिएको उक्त प्रतिवेदनमा सन् २०२२ लाई राजनीतिक अस्थिरताको वर्षका रुपमा चित्रण गर्दै कार्यपालिका र व्यवस्थापिकाले गुमाएको जनविश्वास पुनःस्थापना गर्न भरमग्दुर प्रयास गर्नुपरेको उल्लेख छ । देशले भेल्नु परेको राजनीतिक एवम् संवैधानिक सङ्कट अदालतबाट समाधान गर्ने प्रयासले परिस्थितिलाई अझ जटिल बनाएको उल्लेख गर्दै आयोगकोप्रतिवेदनमापूर्वप्रधानमन्त्री इमरान खानविरुद्धको अविश्वासको प्रस्ताव पारित भएपछि पाकिस्तान चरम राजनीतिक सङ्कटबाट गुज्रिरहेको जनाइएको छ ।

पूर्वप्रधानमन्त्री खान यथाशक्य चाँडो निर्वाचन हुनुपर्ने माग गरिरहनुभएको छ भने सत्ता गठबन्धनले त्यसलाई वेवास्ता गर्दै आएको छ । पाकिस्तानका प्रमुख प्रान्तहरू पञ्जाव र खैबर पख्तुनख्वाका प्रान्तीयसभा विघटनको मुद्दा सर्वोच्च अदालतमा पुगेको छ भने बढ्दो राजनीतिक अस्थिरतासँगै जलवायु परिवर्तनका कारण गत वर्षको भीषण बाढीले जनजीवन कष्टकर पारेको छ। बाढीपीडितका पीडामा सहायताको मल्हम कसैले लगाएको छैन । गत वर्षको बाढीबाट तीन करोड तीन लाखभन्दा बढी पाकिस्तानी प्रभावित भएका थिएभने एक हजार सात सय जनाको ज्यान गएको थियो ।

आयोगको प्रतिवेदनअनुसार राजनीतिक कार्यकर्तालाई बलपूर्वक बेपत्ता पार्ने घटना गत वर्ष रोकिएनन् भने आफै खोजीमा जुटेका बेपत्ता भएकाहरूका परिवारका आफन्तलाई धम्क्याइएका घटना पनि बढेका थिए। बेपत्ता भएकाहरूको खोजी तथा छानबिन गर्ने निकायमा अझै पनि दुई हजार दुई सय १० वटा मुद्दा बिना कारबाही थन्किएका छन् । बलुचिस्तान र अन्य क्षेत्रमा बेपत्ताका घटना अन्य क्षेत्रको तुलनमा बढेका छन् ।बितेका पाँच वर्षको तुलनामा गत वर्ष सबैभन्दा धेरै आतङ्कवादी हमला पाकिस्तानमा भएका थिए । गत वर्ष भएका तीन सय ७६ आतङ्कवादी हमलामा पाँच सय ३३ जनाले ज्यान गुमाएका तथा आठ सय ३२ जना घाइते भएका प्रविदेनमा उल्लेख छ ।

विभिन्न अपराधमा दोषी ठहरिएका ९८ जनालाई गत वर्ष मृत्युदण्ड दिइएको थियो ।

अघिल्लो वर्ष एक सय २९ जनालाई प्राणदण्ड दिइएको थियो । पाकिस्तानका कारागारमा क्षमताभन्दा बढी कैदीलाई राखिएको उल्लेख गर्दै प्रतिवेदनमा देशभरका कारागारमा ८८ हजार छ सय ८७ जना बन्दी रहेका जनाइएको छ ।

# चार अग्रज उद्यमी सम्मानित




**मधेशदृष्टि**
**वीरगंज, १५ वैशाख।**
वीरगंज उद्योग वाणिज्य संघले वीरगंजको आर्थिक समृद्धि तथा समाजसेवामा उल्लेख्यनीय योगदान पुर्‍याएका ४ उद्यमीलाई शुक्रबार सम्मान गरेको छ।
संघको सभाकक्षमा आयोजित सम्मान कार्यक्रममा उद्योगपति एवम् समाजसेवी मुरलीधर रुँगटा, नेपाल उद्योग वाणिज्य महासंघ मधेश प्रदेशका अध्यक्ष अशोक टेमानी, नेपाल उद्योग वाणिज्य महासंघका केन्द्रीय सदस्य डा. सुबोधकुमार गुप्ता, नेपाल भारत सहयोग मञ्चका केन्द्रीय अध्यक्ष अशोककुमार वैधलाई सम्मानित गरिएको हो। सरकारले उद्योगपति रुँगटा, डा. गुप्ता र वैधलाई सुप्रबल जनसेवाश्री पदकबाट सम्मानित गरेको र टेमानी नेपाल उद्योग वाणिज्य महासंघ मधेश प्रदेशको अध्यक्ष पदमा निर्वाचित हुनु भएकामा सम्मान गरिएको अध्यक्ष अनिल कुमार अग्रवालले जानकारी दिए। कार्यक्रममा महासंघ मधेश प्रदेशका अध्यक्ष टेमानीले प्रदेश सरकारसँग सहकार्य र समन्वय गर्दै उद्योग व्यवसाय क्षेत्रका साझा समस्या सम्बोधनका लागि संघले पहल गरिरहेको बताए। त्यस्तै, नेपाल भारत सहयोग मञ्चका केन्द्रीय अध्यक्ष वैधले वीरगंज उद्योग वाणिज्य संघको महत्व र यसको कार्यक्षेत्र दिनप्रतिदिन विस्तार भइरहेको बताउदै नेतृत्व वर्गले गम्भीरतापूर्वक वर्तमानको आवश्यकता र भविष्यका लागि खेल्नुपर्ने भूमिका पहिचान गर्न आवश्यक रहेको कुरामा जोड दिए। यस्तै, महासंघका केन्द्रीय सदस्य डा. गुप्ताले वीरगंज उद्योग वाणिज्य संघकै कारण आफू राष्ट्रिय अन्तर र्ष्ट्रियरुपमा पहिचान बनाउन सफल भएको बताए। उद्योगपति एवम् समाजसेवी रुँगटाले उद्योग व्यापारका साथै सामाजिक क्षेत्रको विकासमा पनि सँगसँगै अघि बढ्नु पर्नेमा जोड दिए।
कार्यक्रममा संघका वरिष्ठ उपाध्यक्ष हरि गौतम, नेपाल उद्योग वाणिज्य महासंघ मधेश प्रदेशका निवर्तमान अध्यक्ष गणेशप्रसाद लाठ, सङ्घका उपाध्यक्ष माधव राजपाल, सचिव प्रेमचन्द्र गोयल, सहकोषाध्यक्ष अनोज रुँगटालगायतका सदस्यको सहभागिता थियो। कार्यक्रम सहजीकरण संघका महासचिव आशीषकुमार लाठले गरेका थिए।

# सनातन धर्म रक्षाको प्रतिज्ञा लिउँ : भद्राचार्य



**मिश्रीलाल मधुकर**
**जनकपुरधाम, १५ वैशाख।**
चित्रकुट तुलसी पीठका पिठाधीश्वर जगद्‌गुरु रामभद्राचार्यजी महाराजले सनातन धर्ममा संकट उत्पन्न भएकोले हिन्दूहरुले यसको रक्षा गर्ने प्रतिज्ञा लिनुपर्ने बताएका छन्। जनकपुरधाम बसपार्कमा नवनिर्मित महावीर मन्दिरमा प्राणप्रतिष्ठामासहभागीभइसकेपछि आयोजित अभिनन्दन समारोहमा पिठाधीश्वरले यस्तो बताएका हुन्। 'विश्वकै एकमात्र हिन्दु राष्ट्र नेपाल अहिले धर्मनिरपेक्ष भएको छ,' उनले भने, 'आज नेपालमा ठूलो संख्यामा धर्म परिवर्तन भइरहेका छन्, यसलाई रोक्नु जरुरी छ। गाई, गंगा, गीता, रामायणको रक्षा गर्नु तिम्रो दायित्व हो।' कार्यक्रममा नेपाली कांग्रेसका वरिष्ठ नेता एवम् पूर्व उपप्रधानमन्त्री बिमलेन्द्र निधिले सबै धर्मलाई सम्मान गर्ने परिपाटीसँगै सनातन धर्म जनकपुरधाम, मर्यादा पुरुषोत्तम भगवान श्रीराम र जगत जननी सीताको पहिचानका कारण जनकपुरधाम विश्वप्रसिद्ध भएको बताए। उनले जनकपुरधाम करोडौँ हिन्दूको आस्थाको केन्द्र रहेकाले जनकपुरधामको गरिमालाई बचाउनपहल गर्नुसबै नगरबासीको दायित्व रहेको बताए। अभिनन्दन कार्यक्रममा जानकी बस व्यवसायी संघ तथा महावीर मन्दिरका संयोजक मनोजकुमार चौधरी, जनकपुरधाम उद्योग वाणिज्य संघका अध्यक्ष निर्मल चौधरी, रामबाबु साह, अशरफी झा, सुपौलका कथाकार भागवत भास्कर, विश्व हिन्दू परिषद नेपाल धनुषाका अध्यक्ष कुमार कुमार चौधरीलगायतको उपस्थिति थियो।

**प्राणप्रतिष्ठापूर्व शोभायात्रा**
प्राणप्रतिष्ठाअघि शुक्रबार जनकपुरधाम बस स्टपस्थित नवनिर्मित महावीर मन्दिरबाट शोभायात्रा निकालिएको थियो। मा जानकी बस सेवाका अध्यक्ष तथा महावीर मन्दिर निर्माण समितिका अध्यक्ष मनोज कुमार चौधरीको अगुवाइमा निस्केको शोभायात्रा बाजागाजासहित नगर परिक्रमा गरेको थियो।

# मैथिली फुड फेस्टिबल

**मधेशदृष्टि**
**जनकपुरधाम, १५ वैशाख।**
जानकी नवमी पर्वको अवसरमा जनकपुरधामसांस्कृतिक महोत्सवको पहिलो सत्रमा स्वामी विवेकानन्द सांस्कृतिक केन्द्र, भारतीय राजदूतावास र भारतीय महावाणिज्य दूतावास वीरगंजको संयुक्त आयोजनामा मैथिली फुड फेस्टिबल गरिएको छ।
मधेस प्रदेश प्रमुख हरिशङ्कर मिश्र र वीरगंजका भारतीय महावाणिज्यदूत नितेश कुमारले संयुक्त रुपमा महोत्सव उद्धाटन गरे। स्वामी विवेकानन्द सांस्कृतिक केन्द्रका निर्देशक डा. अश्वरी



बापटले सहभागीलाई स्वागत गरेका थिए। मैथिली साहित्यकार प्राध्यापक परमेश्वर कापडीले मिथिला खानाको वैज्ञानिक महत्वबारे प्रकाश पारेका थिए। कार्यक्रममा मधेस प्रदेशका न्यायाधीवक्ता वीरेन्द्रकुमार झा, तमलोपाका अध्यक्ष वृषेशचन्द्र लाल, सचिव डा. विजयकुमार सिंह, प्रदेश सभा सदस्य कञ्चन बिच्छा, जनकपुर बृहत्तर विकास क्षेत्र परिषद्का अध्यक्ष शीतल साह, जनकपुरधामका उपप्रमुख किशोरी साह, पूर्व नगर प्रमुख बजरंगप्रसाद साह, मधेश पत्रकार महासंघका अध्यक्ष राजेशकुमार कर्ण, लोसपाका नेता अनिलकुमार महासेठ लगायतको उपस्थिति थियो।मैथिली चित्रकला, मिथिलाका ८४ प्रकारका परिकारको प्रदर्शनी पनि गरिएको थियो।

# सशस्त्रलाई अढाइ करोडको जग्गा दान



**मधेशदृष्टि**
**जनकपुरधाम, १५ वैशाख।**
धनुषामा सशस्त्र प्रहरी बेस क्याम्पको कार्यालय निर्माण गर्न स्थानीय समाजसेवी दिनेश महतोले करोडौं मूल्य बराबरको जग्गा दान गरेका छन्।
उद्योगपति तथा समाजसेवी महतोले सशस्त्र प्रहरी बेस क्याम्प नक्टाझिजलाई कार्यालय निर्माणका पाँच कट्ठा जग्गा प्रदान गरेका हुन्। महतोले ढल्केवर-जनकपुरधाम सडकखण्ड अन्तर्गत धनुषाको मिथिला नगरपालिका-५ नक्टाझिजमा रहेको झण्डै अढाई करोड रुपैयाँको जग्गा बेसक्याम्प निर्माणका लागि उपलब्ध गराएका हुन्। शान्ति सुरक्षा, अमन चयनका लागि क्रियाशील सशस्त्र प्रहरी बल नेपालको नक्टाझिजस्थित सुरक्षा बेस क्याम्पको कार्यालय निर्माणका लागि जग्गा नपाइरहेको अवस्थामा जग्गा उपलब्ध गराएको समाजसेवी महतोले बताए। उनलाई १६ औं सशस्त्र प्रहरी दिवस तथा वार्षिकोत्सवमा सशस्त्र प्रहरी नायव महानिरीक्षक दिपेन्द्र साहले कदरपत्र प्रदान गरेर सम्मान गरे।

# ३८ औँ दिनमा अनशन अन्त्य

**मधेशदृष्टि**
**रौतहट, १६ वैशाख।**
वृन्दावन नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत ओमप्रकाश पाण्डेले लिखित सहमति गरेपछि ३८ औं दिनमा प्रतिपक्षी ५ दलीय प्रतिनिधिको रिले अनशन अन्त्य भएको छ।
नगरपालिकाबाट विभिन्न सूचना माग गर्दै रिले अनशनमा बसेका ५ दलीय मेयर प्रत्यासी तथा निर्वाचित वडा अध्यक्षसँग प्रमुख प्रशासकीय अधिकृत पाण्डेले बिहीबार साँझ ५ बुँदे लिखित सहमति गरेका हुन्। प्रशासकीय अधिकृत पाण्डेले वृन्दावन नगरपालिकाको पुँजीगत र चालू बैंक स्टेटमेन्ट केही गोश्वारा भौचर उपलब्ध गराएको तथा मागअनुसार बाँकी सूचना एकहप्ताभित्र पूरा गर्ने लिखित सहमति गरेको र अनशन सकिएको नेकपा एमालेका नेता प्रेमशंकर यादवले बताए। सहमतिमा २०७८/७९ को जेठ १ गतेदेखि



हालसम्मको सञ्चित कोष, पुँजीगत खर्च, बैंक स्टेटमेन्ट, वृन्दावन नगरपालिकाले एकहप्ताभित्र उपलब्ध गराउने सहमति भएको छ। सहमतिमा नगरपालिकाको तर्फबाट प्रमुख प्रशासकीय अधिकृत पाण्डे तथा ५ दलीय प्रतिनिधितर्फ नेपाली कांग्रेसका रामस्नेही यादव, एमालेका यादव, माओवादी केन्द्रका राम प्रसाद पटेल, जसपाका मुस्तुफा अन्सारी र आमजनता पार्टीका अशोक कुमार साहले हस्ताक्षर गरेका छन्। अनशनमा बसेकाहरुले वृन्दावन नगर प्रमुख विनोद पटेल कुर्मीले थोरै समयमा धेरै भ्रष्टाचार गरेको दाबीसहित आन्दोलन गरेका थिए। कर्मचारीका नाममा आठ करोड रुपैयाँ पेश्की लिई भ्रष्टाचार गरेको आरोप लगाउँदै जनता समाजवादी पार्टीका शेख हकिम, नगर राष्ट्रिय प्रजातन्त्र पार्टीका पवन यादव, वडा नम्बर २ का अध्यक्ष सिकिन्द्र पटेल, वडा नम्बर ३ का अध्यक्ष हरिनारायण साह, वडा नम्बर ४ का अध्यक्ष श्याम नन्दन प्रसाद यादव र वडा नम्बर ५ का अध्यक्ष फेकन दाससँगै वडा सदस्यहरुले रिले अनशन गरेका थिए। दुईसाता अघि वृन्दावन नगरपालिकाले प्रेस विज्ञप्ति निकालेर रिले अनशन अन्त्य गरी वार्तामा आउन तथा वार्ताको माध्यमबाट मात्र सूचना उपलब्ध हुने बताएको थियो।

# गाउँमै सुविधासम्पन्न प्रयोगशाला

**मधेशदृष्टि**
**वीरगंज, १५ वैशाख।**
पर्सा क्षेत्र नम्बर ४ (ख) का प्रदेश सभासदस्य शंकर प्रसाद चौधरीले आफ्नो क्षेत्रको शिक्षा र स्वास्थ्य क्षेत्रको सुधारका लागि आफूले सक्दो सहयोग गर्ने बताएका छन्। पर्साको जिराभवानी गाउँपालिका वडा नम्बर २ सेढवमा जनस्वास्थ्य प्रयोगशाला उद्‌घाटन गर्दै प्रदेश सभा सदस्य चौधरीले शिक्षा र स्वास्थ्य क्षेत्रमा सुधारको आवश्यकता रहेको र त्यसका लागि आफुले सक्दो सहयोग गर्ने बताए। जिराभवानी गाउँपालिकाका अध्यक्ष अनोज चौधरीले स्वास्थ्य प्रयोगशाला सञ्चालनमा आएपछि नागरिकको उपचारमा पहुँच स्थापित गर्न सहज हुने बताए। उनले गाउँपालिकाका बासिन्दाले अब वीरगंज र चितवनसरहको उपचार सेवा गाउँमै लिनसक्ने बताए। कार्यक्रममा गाउँपालिकाकी उपाध्यक्ष रेखा चौधरी, वडाध्यक्ष रामशरण खवास, महादेव महतो थारु, सुरज राय, राजेश्वर महतो, दारा सिंह, नेपाली कांग्रेस जिराभवानी सभापति मनमोहन चौधरी, समाजसेवी ब्रह्मानन्द चौधरी, स्वास्थ शाखा प्रमुख अजय दासलगायतको सहभागिता थियो।

# दुर्घटनामा मोटरसाइकल चालकको निधन

**मधेशदृष्टि**
**बारा, १५ वैशाख।**
वीरगंजबाट कलैया गइरहेको रड बोकेको टयाक्टरमा बिहीबार राति पछाडिबाट मोटरसाइकल ठोकिँदा चालकको घटनास्थलमै मृत्यु भएको छ।
दुर्घटनामा बा ८० प ४०२१ नम्बरको मोटरसाइकल चालक कलैया उपमहानगरपालिका-२१ का २४ वर्षीय राजनकुमार रामको मृत्यु भएको हो।
राति १० बजे कलैया-वीरगंजसडकखण्डअन्तर्गतकलैया उपमहानगरपालिका-२३ स्थित राम सवार रहेको मोटरसाइकल तिव्र गतिका कारण रड बोकेको ना ५ त ८२५० नम्बरको ट्याक्टरको पछाडि ठोकिइको हो। ठक्करबाट मोटरसाइकल चालक रामको शरीर रडले विभिन्न स्थानमा छेडिएका कारण उनको घटनास्थलमै मृत्यु भएको जिल्ला प्रहरी कार्यालय बाराका प्रवक्ता एवम् डिएसपी पुरुषोत्तम पान्डेले जानकारी दिए। ट्र्याक्टर चालकलाई प्रहरीले नियन्त्रणमा लिई घटनाबारे थप अनुसन्धान गरिरहेको छ।
यसैबीच, बिहीबार राति ट्र्याक्टरमा रहेको रड छेडेर युवकको मृत्यु भएपछि जिल्ला ट्राफिक प्रहरी कार्यालय बाराले शुक्रबारबाट सचेतनामूलक कार्यक्रम सञ्चालन गरेको छ।
कार्यक्रम अन्तर्गत मालवाहक ट्र्याक्टरमा रातका समयमा टल्कने स्टिकर टास्न, रडलगायतका सामान बोकेका ट्र्याक्टरमा रातका समयमा टल्कने कपडाको झण्डा अनिवार्य राख्न र रातका समयमा सकेसम्म निर्माण सामग्री ओसारपोसारमा कडाइ गर्ने नियम अवलम्बन गरिएको जिल्ला ट्राफिक कार्यालय बाराका प्रमुख सुरेश कुमार ठाकुरले जानकारी दिए।

## अधिकतम खुद्रा बिकि मुल्य (MRP) प्रकाशनको सुचना

यस कम्पनीले CHINA बाट पैठारी गरेका देहायको माल वस्तुहरुको अधिकतम खुद्र बिकि मुल्य निम्न बमोजिम भएको व्यहोरा सर्व साधारणको जानकारीको लागी प्रकाशन गरिएको छ

| सि.न. | मालवस्तुको विवरण | आकार।प्रकार | ब्राण्ड | मोडेल | क्षमता | उत्पतिको मुलुक राष्ट्र | ईकाई | प्रतिईकाई मुल्य | अधिकतम खुद्रा बिक्रि मुल्य MRP | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | AIR CONDITIONER | | VELTECH | JMAC12K2023 | 1 TON | CHINA | SET | NPR | 48,750.00 | |
| 2 | AIR CONDITIONER | | VELTECH | JMAC18K2023 | 1.5 TON | CHINA | SET | NPR | 60,625.00 | |
| 3 | AIR CONDITIONER | | VELTECH | JMAC24K2023 | 2 TON | CHINA | SET | NPR | 76,000.00 | |
| 4 | AIR CONDITIONER | | VELTECH | JMAC12K2023 INVERTER TYPE | 1 TON | CHINA | SET | NPR | 55,000.00 | |
| 5 | AIR CONDITIONER | | VELTECH | JMAC18K2023 INVERTER TYPE | 1.5 TON | CHINA | SET | NPR | 68,500.00 | |
| 6 | AIR CONDITIONER | | VELTECH | JMAC5F24K2023 FLOOR STAND AC INVERTER TYPE | 2 TON | CHINA | SET | NPR | 120,000.00 | |

बिक्रेता फर्मको नाम : जय माँ इलेक्ट्रोनिक्स
ठेगाना : बिरगंज बाईपास-२
स्थायि लेखा न : 302637148
फोन : 051-531107,529772

मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित वीरगंज महानगरपालिका-१५, दर्ता नं. ३११-०७९/८०, सम्पर्क ९८५५०२१२८१, कार्यालय : जनकपुरधाम उ.म.न.पा. वडा नं.-२, कदमचौक (नेपाल), E_Mail:madheshdristi@gmail.com, अध्यक्ष : ध्रुव साह, सम्पादक : रामकुमार एलन